**सवारी साधन व्यवस्थापनका लागि अनुरोध**
- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ०४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 16 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६८

# दुधौरापुल निर्माण कम्पनीले सात करोड २० लाख भुक्तानी लिएको खुलासा





दुधौरा पुलको कामको रकम भुक्तानीको लागि ठेकेदार कम्पनीले सार्वजनिक गरेको अपील बोर्ड र निर्माणाधीन पुल। तस्वीर: जीतलाल श्रेष्ठ

प्रस, निजगढ, ३ फागुन/

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बाराको निजगढ-पथलैया सडकखण्डको दुधौरा खोलाको डाइभर्सन भएर आवागमन गर्ने सबैलाई विगत तीन वर्षदेखि यो पुल बन्छ कि बन्दैन भनेर चासो लागेको थियो। करीब दुई वर्षपछि बल्लतल्ल पुलको आधा निर्माण कार्य भएको छ। तर ठेकेदारले डाइभर्सनमा टाँगेको सार्वजनिक अपीलले अब समयमा यो पुल बन्छ त भन्ने प्रश्न गम्भीररूपमा तेर्स्याएको छ।

दुधौरा पुल निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी महादेव/खिम्ती हीराचन जेभी काठमाडौंले सम्पन्न कामको भुक्तानीका लागि सम्बन्धित निकायमा धाउँदा-धाउँदा आजित भएको भन्दै सरकारको धज्जी उडाउने गरी सार्वजनिक अपील गरेको छ। निर्माणाधीन पुलको डाइभर्सनमा सबैले देख्नेगरी होर्डिङ बोर्ड राखेर निर्माण पूरा भएको कामको भुक्तानी दिलाउने काममा पहल गरिदिन सर्वसाधारण सबैलाई अपील गर्दै सरकारसम्म ठेकेदारको पीडा र चेतावनी सुनाइदिन डेढ महीनादेखि यस्तो अपील गर्दै आइरहेको छ।

सार्वजनिक अपीलमा पुल निर्माण कार्य सम्पन्न भइसकेको बिलको भुक्तानी बजेट अभावको कारण प्राप्त हुन नसके तापनि यस जेभीले निरन्तर र नियमित निर्माण कार्य गरिहेकाले सम्बन्धित सरोकारवालाहरूलाई चाँडोभन्दा चाँडो सम्पन्न कार्यको भुक्तानीको लागि पहल गरिदिन अनुरोध गर्छौं भनेर लेखिएको छ।

ठेक्का सम्झौतामा तोकिएको निर्धारित समय २०७९/८० असार मसान्तभित्र पुलको सम्पूर्ण काम ठेकेदार कम्पनी महादेव खिम्ती हीराचन जेभी काठमाडौंले सक्नुपर्ने थियो। तर सो कार्य नसकेपछि पुल सेक्टर काठमाडौंले २०८०/८१ असार मसान्तसम्म समयसीमा थप गरेको थियो। उक्त म्याद पूरा हुन अब पाँच महीना मात्र बाँकी छ। सम्झौता अनुसार तीन वर्षभित्र पुलको निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएपनि सरकार र पुल सेक्टर काठमाडौंले दुई वर्ष ढिलो गरी डाइभर्सन गरिएको दुधौरा खोलाको बेलिब्रिज उपलब्ध गराएको ठेकेदार कम्पनीको भनाइ छ। जसका कारण जीर्ण अवस्थामा रहेको पुरानो पुललाई भत्काउँदा सवारीसाधन आवागमनमा कठिनाइ हुने हुँदा पुल भत्काउन ढिलाइ भएकोले निर्माण कार्यमा समेत बाधा परेर अहिलेसम्म ५६ प्रतिशत मात्रै काम भएको पुल निर्माण कम्पनीका प्रतिनिधि एवं साइट इन्जिनीयर अजयकुमार झाले बताए।

त्यसैगरी, ठेकेदार कम्पनी महादेव खिम्ती हीराचन जेभी काठमाडौंले गत आर्थिक वर्षसम्म सम्पन्न गरेको ५६ प्रतिशत कार्यमध्ये ५० प्रतिशत कामको करीब रु पाँच करोड भुक्तानी लिनुपर्नेमा हालसम्म ५० देखि ६० लाख रुपैयाँ मात्र भुक्तानी पाएको र बाँकीको भुक्तानी हालसम्म नपाएको जनाएको छ।

दुधौरा पुल निर्माणको ठेक्का सकार गर्ने ठेकेदार कम्पनीले तोकिएको समयमैं काम सम्पन्न नगरेको पुल सेक्टर काठमाडौंको जिकिर छ। हालसम्म ५० प्रतिशित काम सम्पन्न गरिएबापत सात करोड २० लाख रकम भुक्तानी ठेकेदार कम्पनीलाई दिइसकेको र यस आर्थिक वर्षको कामको भुक्तानी बढीमा ४० लाख रुपैयाँ मात्र बाँकी रहेको पुल सेक्टर काठमाडौंका इन्जिनीयर नितेश झाले बताए। ठेकेदार कम्पनीले रकम अभाव देखाएर सर्वसाधारणलाई भ्रममा पारेको र यस विषयमा पुल सेक्टर काठमाडौंको ध्यानाकर्षण भएको भन्दै ठेकेदार कम्पनीलाई थप गरेको समयसीमाभित्र काम सम्पन्न गर्न निर्देशन दिएको इन्जिनीयर झाले बताए।

ठेकेदार कम्पनीलाई खासै ठूलो रकम भुक्तानी गर्नुपर्ने देखिंदैन, पुल सेक्टर काठमाडौंका लेखापाल केदार तिवारीले भने। ठेकेदार कम्पनी स्वयंले कामलाई गति दिन नसकेपछि सडकमा सार्वजनिक अपील गरिएको बोर्ड राख्नुको कुनै औचित्य नरहेको उनले प्रस्टयाए।

अहिलेसम्म पुलको निर्माण प्रगति ५० प्रतिशत जति मात्रै भएको पुल सेक्टर काठमाडौंका इन्जिनीयर झाले बताए। ठेकेदार कम्पनीले यस आर्थिक वर्षमा गरेको कामको बढीमा रु ४० लाख रकम दिनुपर्ने देखिएको र सोको भुक्तानी दुई महीनादेखि नभएको उनले बताए। पुलको निर्माण गर्न वैदेशिक स्रोतबाट रकम निकासा फुकुवा हुनुपर्नेमा केही ढिलाइ भएकोले भुक्तानीमा ढिला भएको तर अहिले अर्थ मन्त्रालयबाट फुकुवा भई सकेको र केही दिनभित्र ठेकेदार कम्पनीले रकम प्राप्त गर्ने पुल सेक्टरका इन्जिनीयर झाले जानकारी गराए। उनले कुनै पनि बहानामा ठेकेदार कम्पनीले पुल निर्माणमा ढिलाइ नगरोस् भन्नेतर्फ सचेत रहेको बताए।

ठेकेदार कम्पनीले दुई स्पानको ९० मिटर लम्बाइको पुल निर्माण सम्पन्न गर्नका लागि मूअकबाहेक रु १५ करोड २२ लाखमा ठेक्का सकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ। समयमा नै पुल सम्पन्न नहुँदा करीब तीन सय मिटरको डाइभर्सनमा हिउँद र वर्षामा सबैले सास्ती पाउँदै आएका छन्।

बारा क्षेत्र नं ४ का सांसद कृष्णकुमार श्रेष्ठले सो पुल देशकै मेरुदण्ड भएको र निर्माण कार्य समयमैं सकिनुपर्ने भनेर सम्बन्धित सरोकारवाला निकाय, मन्त्रालय, सरकारको ध्यानाकर्षण गराएको बताए। त्यसपछि ठेकेदार कम्पनीले दैनिकरूपमा कामलाई कछुवा गतिमा अघि बढाइरहेको पाइएको छ।

एकातिर ठेकेदार कम्पनीले तोकिएको समयसीमाभित्र काम गर्ने भन्दै सम्झौता गर्ने तर समयमैं काम सम्पन्न नगर्ने, अर्कोतिर कामको बाँकी भुक्तानी बेलैमा सरकारले उपलब्ध नगराउने कार्यले पुल निर्माणमा समस्या देखिएको छ। सोको दैनिक प्रत्यक्ष वा अप्रत्यक्ष सास्ती यो सडक भएर आवागमन गर्नेहरूले भोग्दै आइरहेका छन्।

# गहुँ भित्र्याएसँगै चैते धानबाली लगाउन शुरू



तस्वीर: प्रतीक

प्रस, सेढवा, ३ फागुन/

पर्साका ग्रामीण किसानहरूले फागुन लागेपछि चैते धानबाली (१४२)को बीउ ब्याडमा राख्न शुरू गरेका छन्। विशेषगरी जिल्लाको थरुहट क्षेत्रमा पर्ने ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, पर्सागढी तथा वीरगंज महानगरपालिकाका केही वडाका किसानले चैते धान अन्तर्गत पर्ने हर्दिनाथ-१ (१४२) जातको धानको बीउ राख्न थालेका हुन्।

तोरीखेती गरिएको जग्गाबाट किसानहरूले बाली भित्र्याएर खेत खाली भएपछि चैते धानको बीउ राख्न शुरू गरेको जीराभवानी गाउँपालिका-१ शान्तिनगरका किसान जितन चौधरी थारूले बताए।

अहिले बीउ ब्याडमा राखेपछि चैत महीनाको पहिलो सातामा रोपाइँ गर्न सकिने किसान थारूले बताए। चैते धानबाली लगाउँदा एउटै जग्गामा दुई बाली धान तथा एक बाली तोरी, राजमा, मकै वा सुर्तीबाली गरी तीन बाली उत्पादन गर्न सकिने किसान थारूले बताए। यो बाली गहुँ रोपिएको खेत खाली हुँदा पनि रोप्न सकिने तथा धान काटेर सोही जग्गामा पुनः यो बाली अगहनी धानको रूपमा पनि रोप्न सकिने किसानहरूले जनाएका छन्।

**चैते धानबालीमा किसानको आकर्षण**

हर्दिनाथ-१ अर्थात् १४४२ जातका धानबाली लगाउन अहिले किसानहरूको आकर्षण बढेको छ। खेत खाली भएको बेला यो बाली लगाउँदा राम्रो उत्पादन हुने तथा यस धानको भात पनि निकै मीठो हुने भएकोले यसमा किसानहरूको आकर्षण बढेको हो। गत वर्ष यो बाली लगाएका किसानहरूले प्रतिकट्ठा पाँचदेखि आठ मन (२०० देखि ३२० किलो) उत्पादन भएको देखेर पनि यो धान किसानहरूको रोजाइ बनेको छ।

जीराभवानी गापाका कृषि शाखा प्रमुख क्षत्रबहादुर गुप्ताले गत वर्ष सय हेक्टर जमीनमा यो बाली लगाइएको बताए। यस वर्ष एक हजार हेक्टर जमीनमा यस धानको खेती हुने अनुमान उनले गरेका छन्। त्यस्तै, पटेर्वासुगौली गापा-१ का अध्यक्ष फरमान मियाँले आफ्नो वडाको ८० प्रतिशत खेतीयोग्य जमीनमा यो बाली लगाइने गरेको बताए।

**चैते धानबालीको बीउ अभाव**

हर्दिनाथ-१ धान लगाउने किसानहरूको आकर्षणसँगै नेपाली बजारमा यसको बीउको हाहाकार नै भएको छ। किसानहरूको मागका आधारमा केही स्थानीय तहले ५० प्रतिशत अनुदानमा बीउ वितरण गरिरहेका छन् तर बजारमा बीउ उपलब्ध नहुँदा पालिकाहरूले माग अनुसार बीउ वितरण गर्न सकेका छैनन्।

जीराभवानी र पटेर्वासुगौलीका कृषि शाखाले ५० प्रतिशत अनुदानमा हर्दिनाथ-१ को बीउ वितरण गरेका छन्। तर माग बमोजिम बीउ उपलब्ध नहुँदा ठाउँठाउँमा विवाद हुने गरेको छ। यसका अलावा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यक्रम अन्तर्गत पनि यो धानको बीउ आधा अनुदानमा विभिन्न कृषि सहकारी संस्थामार्फत वितरण भएको छ।

जीराभवानी गापा-२ निवासी धर्मराज यादवले वीरगंज र परवानीपुरमा बीउ नपाएको गुनासो गरे। बीउको लागि सो जातको धान किसानको घरघरमा भएपनि खोजिरहेको बताए।

यो जातको धानको बीउ उत्पादन गर्ने संस्था उन्नत बीज वृद्धि कृषक समूह भरतपुर, चितवनका अध्यक्ष उमानाथ पौडेलले बीउ अभाव रहेको बताए। उनले भने- हाम्रो संस्थाले उत्पादन गरेको ७० मेट्रिक टन बीउ झापा पठाएको र अहिले हामीसँग पनि बीउ छैन।

# दुग्ध उत्पादक कृषकहरूप्रति सरकार गम्भीर भएन

## फागुनभित्र समस्या समाधान नगरे सडक सङ्घर्ष -भट्टराई



नगरप्रमुख पुरी र उपप्रमुख थिङलाई ज्ञापनपत्र बुझाउँदै दुग्धपीडित कृषक। तस्वीर: जीतलाल श्रेष्ठ

प्रस, निजगढ, ३ फागुन/

स्थानीय कृषकहरूले उत्पादन गरेका दूध बिक्री नभएको भन्दै सम्बन्धित निकायहरूमा पहल गरिदिन आग्रह गर्दै निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङलाई संयुक्तरूपमा बिहीवार ज्ञापनपत्र बुझाइएको छ।

बारा जिल्ला दुग्ध सहकारी सङ्घ लिमिटेडका अध्यक्ष पुरुषोत्तम भट्टराईले उनको कार्यकक्षमा सो पत्र बुझाएका हुन्। हाल यस पालिकामा दैनिक १५ हजार लिटर दूध उत्पादन हुँदै आएकोमा दैनिक ११ हजार लिटर दूध मात्र बिक्री भई दैनिक चार हजार लिटर दूध होलिडेको मारमा पर्दै आइरहेको सो पत्रमा भनिएको छ।

राज्यका सम्बन्धित निकाय, सरकारलाई पत्राचारमार्फत र मौखिकरूपमा खुल्ला सिमानाका कारण विदेशबाट भित्रिने दूध र दुग्धजन्य पदार्थलाई बन्देज गरी स्वदेशमा उत्पादन भएका दूध र दुग्धजन्य पदार्थको खपत बढाउँदै स्वदेशी कृषकहरूको आम्दानी बढाउन र उनीहरूलाई हौसला बढाउन सरोकारवाला निकायले भूमिका निर्वाह नगर्दा उपलब्धिमूलक कार्यहरूको स्थानीय कृषकहरूले अनुभूति गर्न नसकेको भन्दै सरकारले कृषकहरूको समस्यालाई सम्बोधन गर्न ढिलाइ गरे सडक सङ्घर्षसमेत गर्ने चेतावनी दिइएको छ।

सरकारको पछिल्लो छ महीनाको रिपोर्टको आधारमा भारतबाट रु एक अर्ब ४७ करोड बराबरको दूध र दुग्धजन्य पदार्थ खरीद भएको भन्दै स्वदेशी कृषकहरूको समस्यामा भने सरकारको उदासीनता प्रस्ट देखिएको विज्ञप्तिमा भनिएको छ। सरकार र केन्द्रीय दुग्ध

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**जीवन शिक्षक हो, हामी जति बाँच्छौं, त्यति नै बढी सिक्छौं ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नाचमाथि डिजे हाबी

**पर्सा जिल्ला डिजेको केही वर्षदेखि प्रभाव बढेको छ । यसले गर्दा वैवाहिक कार्यक्रम एवं उत्सवहरूमा डिजेको सहभागिता अनिवार्य जस्तै भएको छ । डिजेको कारण अहिले वैवाहिक कार्यक्रम, उत्सवहरूमा बैन्डबाजा र गायक-गायिकाहरूको सहभागितामा हुने कार्यक्रमहरू कमै देखा परिरहेका हुन । बैन्ड बाजा अनि गायकगायिकाहरूको भन्दा साउन्ड सिस्टमको प्रयोगमा नृत्य प्रस्तोता (सात सहेलिया) राख्ने प्रचलन केही वर्षदेखि बढेको छ । केही दशकअघि भने वैवाहिक कार्यक्रम, उत्सव, समारोहमा छिमेकी भारतबाट नर्तकीहरू बोलाएर नचाउने प्रचलन थियो । भारत, बिहारको बेतियाबाट नर्तकीहरू ल्याउने गरिन्थ्यो । पर्सा, बारा र रौतहट जिल्लामा भारतीय नर्तकीहरू ल्याएर नाच कार्यक्रम आयोजना गरिन्थ्यो । नाच कार्यक्रम प्राय:जसो मध्यरातमा आयोजना गरिन्थ्यो, जन्तीहरूको मनोरञ्जनका लागि । महिला नर्तकी सहभागी हुने भएकाले परिवारका महिला सदस्यहरूलाई नाच हेर्न वञ्चित पारिन्थ्यो । परिवारका महिला सदस्यहरूको सहभागिता नहुँदा त्यस्ता नाचहरूमा मारपिटका घटना बढी हुन्थ्यो । त्यसैले नाच कार्यक्रममा जानेहरू मारपिटको सम्भावनालाई दृष्टिगत गरेर तयारीका साथ पनि जाने गर्थे । अहिले नाच कार्यक्रम आयोजना गर्ने प्रचलन हराएको छ । त्यसको विकल्पमा डिजेको प्रचलन बढेको छ । साउन्ड सिस्टमको प्रयोग गरेर विभिन्न भाषामा गीत बजाउने र त्यसमा सात सहेलियाले नृत्य गर्ने अनि रमाइलो गर्ने प्रचलन अहिले गाउँ, शहर दुवैमा छ । माघ भर्खर बित्यो र फागुन महीनामा विवाहको चटारो छ । आगामी चैत महीनामा हिन्दूहरूको वैवाहिक कार्यक्रम नहुने भएकाले माघ र फागुनमा वैवाहिक कार्यक्रमहरू बढी हुने गरेका छन् ।**

**हिन्दू समुदायमा वैवाहिक कार्यक्रमको लागि साइत जुर्नैपर्छ । साउनदेखि कात्तिक, पुस र चैत महीनासम्म प्राय: लगन हुँदैन मङ्सिर, माघ, फागुन, वैशाख, जेठ र असार महीनामा भने लगन जुर्ने गर्छ र वैवाहिक कार्यक्रमको चाप बढी हुन्छ । मुस्लिमहरूमा भने शोभरातको एक दिन र ईदको एक महीना वैवाहिक कार्यक्रम गरिन्न । अहिले हिन्दू र मुस्लिम दुवै समुदायका वैवाहिक कार्यक्रम भइरहेका छन् र दुवैमा डिजेको प्रस्तुति हुँदै आएको छ । अहिले वैवाहिक कार्यक्रममा नृत्य प्रस्तोताका रूपमा तेस्रो लिङ्गी, जसलाई स्थानीय भाषामा सात सहेलिया भनिन्छ, को प्रयोग बढेको छ । सात सहेलियाको रूपमा उनीहरूको नृत्यमा रमाउने युवा पीढी त छँदैछ, अधबैंसे र वृद्धहरूको सङ्ख्या पनि निरन्तर वृद्धि भइरहेको छ । यदि यसो हुँदैन थियो भने डिजेको प्रयोग विवाहमा सम्भव थिएन । वैवाहिक खर्च घरका अभिभावकहरूले गर्छन् र उनीहरूको चाहनाविपरीतका यस्ता कार्यक्रम आयोजना गर्नु घरका कनिष्ट भनाउँदाहरूको बसको कुरा पक्कै होइन ।**

**पहिलेको नाच सरह अहिलेको डिजेको आलोचना हुने गरेको छ । अघिल्ला वर्षहरूमा पर्सा, बारा र रौतहटका केही पालिकाले डिजेको प्रयोगमा बन्देज लगाउने जस्ता निर्णय गरेका थिए भने स्थानीय प्रशासनले पनि अश्लीलता प्रयोग हुने गीतको प्रयोगमा बन्देज लगाउने र सो कार्यका लागि समयसीमा तोक्ने जस्ता काम गरेका थिए । तर यस कुराको कार्यान्वयन भने अहिले हुन छाडेको छ र डिजेहरूमा अश्लीलतापूर्ण नाच जारी छ । तसर्थ यस प्रकारका गतिविधि हुन नदिनका लागि समाजका अगुवाहरूको साथ र सहयोग जरुरी छ । यसका साथै यस प्रकारका गतिविधि नियन्त्रणका लागि सचेतना कार्यक्रम गर्न जरुरी छ ।**

# विकास निर्माणको औचित्यहीन विरोध

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**एमसिसी सम्झौता अमेरिकी शर्त अनुसार हुँदा त्यसको विरोधमा केही नबोल्ने, केही गर्न नहुने, चीनसँग भएका सम्झौता अथवा नेपालमा चीनले गर्ने आयोजना सञ्चालनमा प्रश्न उठाउने काम कहींकतैबाट भएको छैन तर तिनै व्यक्ति भारतसँग भएको सम्झौतामा प्रश्न उठाउने गर्छन् ।**

नेपाल र भारतबीच परम्परागत बहुआयामिक सम्बन्ध रहिआएको छ । नेपाल-भारत सहयोगको इतिहास पनि लामो रहेको छ । नेपालको चौतर्फी विकासका लागि भारतले विगत सात दशकभन्दा लामो समयदेखि नेपाल सहयोग कार्यक्रम चलाउँदै आएको छ । विगत दुई दशकदेखि भारतको आर्थिक सहयोगमा आधारित यस कार्यक्रमलाई 'उच्च प्रभावी सामुदायिक विकास परियोजना' (एचआइसिडिपी) नामकरण गरिएको छ । यस परियोजना अन्तर्गत भारत सरकारले नेपाललाई प्रदान गर्दै आएको बर्सेनि आर्थिक अनुदानको रकम पाँच करोडबाट २० करोड पुऱ्याइएको छ । भारतका विदेशमन्त्री डा एस जयशङ्करको गत महीना सम्पन्न नेपाल भ्रमणका दौरान दुई देशबीच भएका सम्झौता अन्तर्गत यो रकम बढाइएको हो । भूस्तरमा सञ्चालन भइरहेका शिक्षा, स्वास्थ्य, सिंचाइ, विद्युतीकरण, सडक, पुल, कृषि, नदी नियन्त्रण, जल आपूर्तिलगायत परियोजनाबाट ग्रामीण क्षेत्रका नेपाली जनता बढी लाभान्वित भएको छ । भारतको नाम सुनेपछि त्यसमा अनर्थ मात्रै हेर्ने नेपालका केही नेताहरू, पूर्वाग्रही बुद्धिजीवी र विकास-निर्माणसँग सम्बन्धित प्रत्येक कार्यक्रममा केवल वितण्डा मचाउनेहरूले यसमा पनि अन्यथा हेर्न भ्याए र यसको विरोधमा वक्तव्य एवं विज्ञप्तिसमेत जारी गरे । सबैभन्दा आश्चर्यजनक कुरा त विगतमा प्रधानमन्त्री रहिसकेका र आफ्नो प्रधानमन्त्रीत्वकालमा यस परियोजनालाई निरन्तरता दिएका एकजना भूतपूर्व प्रधानमन्त्रीसमेतले यस सम्झौताको विरोध गरे । विकास-निर्माणसम्बन्धी कार्यक्रमको सञ्चालन नेपाली जनताका लागि र नेपालकै भूमिमा भइरहेको छ । यो भारत सरकारको अनुदान-सहयोग हो, ऋण होइन, तसर्थ यसको विरोध औचित्यहीन देखिन्छ । भारत सरकारको अनुदान सहयोगमा सञ्चालित विकास निर्माणका कार्यक्रमहरू केवल मधेस प्रदेशमा अथवा मधेसी जनता रहेको ठाउँमा मात्रै सञ्चालित भइरहेका छन् भन्ने आरोप पनि आधारहीन र भ्रामक मात्र छन् ।

भारत सरकारले नेपालमा सञ्चालन गर्दै आएका विकास निर्माणका कार्यक्रहरू नेपालका सातवटै प्रदेश र देशभरिका ७७ वटै जिल्लामा सञ्चालन भइरहेका छन् । यस परियोजना अन्तर्गतका साढे पाँच सय आयोजना सञ्चालनमा छन् । भूस्तरमा पूर्वाधार विकाससँग सम्बन्धित कार्यक्रमहरूबाट हिमाल, पहाड र तराई सबै लाभान्वित भएका छन् । भारत सरकारको १२.२ बिलियन नेपाली रुपियाँको अनुदान सहयोगमा एचआइसिडिपीका परियोजना सञ्चालनमा छन् । यस परियोजना अन्तर्गत कोशी प्रदेशमा ८४, मधेस प्रदेशमा ८१, बागमती प्रदेशमा १०५, गण्डकी प्रदेशमा ६१, लुम्बिनी प्रदेशमा ६०, कर्णाली प्रदेशमा १४ र सुदूर पश्चिममा ४१ वटा साना-ठूला विकास निर्माणका कामहरू भएका छन् । समग्रमा हेर्ने हो भने नेपालका मधेस क्षेत्रभन्दा बढी पहाडकै क्षेत्रमा कार्यक्रमहरू सञ्चालनमा छन् । यदि मधेस क्षेत्रमा विकास निर्माणका कार्यक्रम नै भारतले सञ्चालन नगरोस् भन्ने मानसिकताकै कारण विरोध भइरहेको हो भने त्यसलाई दुर्भाग्यपूर्ण नै भन्नुपर्छ । विकास-निर्माणका कार्यक्रमहरूको प्रत्यक्ष-अप्रत्यक्ष लाभ सबै नेपालीले एक समान प्राप्त गर्दै आएका छन् । यस परियोजनाबाहेक पनि १०७ वटा विकास निर्माणका कार्यक्रमहरू भारत सरकारको अनुदान सहयोगमा सञ्चालनमा रहेका छन् ।

उच्च प्रभावी सामुदायिक विकास कार्यक्रम अन्तर्गत नेपालका २८२ विद्यालय भवन, ३० अस्पताल, २७ सडक र पुलको निर्माण तथा २३४ वटा स्कूल बस र एक हजारजति एम्बुलेन्सहरू प्रदान गरिएका छन् । विद्युतीकरणबाट १३ हजार परिवार लाभान्वित भएका छन् भने खानेपानी सुविधासहित नवनिर्मित घरहरू प्रदान गरिएका छन् । उच्च प्रभावी सामुदायिक विकास कार्यक्रमको लक्ष्य भनेको प्रत्येक वर्ष २७ परियोजना अथवा प्रत्येक १५ दिनमा एउटा नयाँ परियोजना प्रत्येक साता एउटा एम्बुलेन्स प्रदान र प्रत्येक महीना एउटा स्कूल बस प्रदान गर्नुरहेको छ । प्राथमिकतामा रहेका १२ क्षेत्र भनेको शिक्षा, स्वास्थ्य, कृषि, विद्युतीकरण, सिंचाइ, खानेपानी, संस्कृति, सडक, पुल, नदी नियन्त्रण र समाज कल्याण रहेका छन् ।

उच्च प्रभावी सामुदायिक विकास परियोजनाको सम्बन्धमा प्रतिनिधिसभाका कानून न्याय तथा मानव अधिकार समितिको बैठकमा जवाफ दिंदै प्रधानमन्त्री पुष्पकमल दाहालले भनेका थिए- यो पुरानो सम्झौताकै निरन्तरता हो र त्यसलाई थप परिष्कृत र व्यवस्थित बनाइएको छ । नेपालको प्रणाली तथा संयन्त्रभन्दा बाहिर खर्च हुनेगरी सम्झौता नभएको प्रस्ट पार्ने काम प्रधानमन्त्रीबाट भएको थियो । उनले भारतसँग हालै भएको यस सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन, जसले भारतीय पक्षलाई एकपक्षीयरूपमा आयोजना छनोट र कार्यान्वयन गर्ने सुविधा प्राप्त हुन्छ । आयोजनाको नियमित अनुगमन गर्ने आवधिक समीक्षासमेत नेपाल सरकारको संयन्त्रबाट हुने विश्वास उनले दिलाएका छन् । साना विकास आयोजनामा नेपालमा भारतको प्रत्यक्ष सहयोग रहनेगरी पहिलोपटक सन् २००३ नोभेम्बर ७ मा सम्झौता भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रद्वारा गठित सरकारका प्रधानमन्त्री सूर्यबहादुर थापा थिए । खर्च गर्न पाउने रकमको सीमा तीन करोड रुपियाँ रहेको थियो । आयोजना नेपालका तत्कालीन स्थानीय निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गर्ने सहमति भएको थियो । आयोजना स्थानीय निकाय वा गैससले सीधै भारतीय दूतावासमा माग गर्ने र उपलब्ध गराउने सहमति भएको थियो । सम्झौता सन् २००६ जून २९ मा नवीकरण गरिएको थियो ।

सन् २००८ अगस्त ६ मा यस्तो आयोजनाको रकम बढाए वा गैससले गरे पनि अर्थ मन्त्रालयको सहमति लिनुपर्ने प्रावधान थपिएको थियो । सन् २०११ जुलाई २७ मा सहमति नवीकरण गरिएको थियो । त्यस्तै सन् २०१४ अगस्त १३ मा सम्झौता नवीकरण हुँदा नेपालको प्राथमिकताका क्षेत्रमा उपलब्ध हुनुपर्ने शर्त थपिएको थियो । नयाँ संविधान जारी भएपछि परिमार्जनसहित सम्झौता नवीकरण भएको थियो । सन् २०१७ डिसेम्बर १७ मा आयोजना नेपाल सरकार वा नेपाल सरकारले पहिचान गरेका निकायबाट सञ्चालन हुने र बजेट प्रणाली भित्रबाट कार्यान्वयन गर्नेगरी सम्झौता नवीकरण भएको थियो । सन् २०१८ जुलाई १८ मा आयोजना सञ्चालन विधि परिवर्तन गरिएको थियो । जस अनुसार आयोजना गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने भारतीय अनुदान नेपाल सरकारको कोषमा जम्मा गर्नुपर्ने र स्थानीय तहले सशर्त अनुदानको रूपमा सो रकम प्राप्त गर्ने व्यवस्था गरिएको थियो । हाल स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको र जिल्ला समन्वय समितिलाई अधिकारीविहीन बनाइएका कारण भारतीय सहयोगका अनेकौं आयोजना अन्योलमा छन् । सञ्चालित आयोजना पनि अधूरो अवस्थामा छन् । जिल्ला समन्वय समितिले स्थानीय तहलाई सम्झौता गर्ने अधिकार नदिने र आफैंले गर्न पनि नसक्नेजस्ता समस्या देखिएका छन् । नेपाल सरकारले यस विवादको समाधान गर्नु आवश्यक छ ।

स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्नुपर्ने, आयोजना छनोट भइसकेपछि मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच कार्यान्वयन सम्झौता हुने र स्थानीय तहले प्रगति विवरण अर्थ मन्त्रालयलाई दिने व्यवस्था थपिएको थियो । सन् २०१९ अप्रिल ७ मा स्थानीय तहबाहेक अन्य निकायले आयोजना सञ्चालन गर्ने भएमा दुई पक्षीय समझदारी गर्न सकिने प्रावधान थप आयोजना सञ्चानलन गर्ने भएमा दुई पक्षीय समझदारी गर्न सम्झौता तीन वर्षका लागि नवीकरण गरिएको थियो । सन् २०२० अगस्त र सन् २०२३ अगस्तमा सहायता सम्झौता तीन वर्षका लागि नवीकरण गरिएको थियो । सन् २०२४ जनवरी ४ मा सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनासम्बन्धी सम्झौता भएको हो । सम्झौतामा प्रति आयोजना बढीमा २० करोड रुपियाँसम्म हुने व्यवस्था गरिएको छ । जापानले करीब ६० वर्ष अघिको सम्झौता अनुसार गैरसरकारी संस्थामार्फत आयोजना सञ्चालन गर्ने गरेको, चीनले ठेकेदार तथा परामर्शदाता छनोटदेखि आयोजना कार्यान्वयनसमेत आफ्नै संयन्त्रमार्फत गर्दै आएको छ । एमसिसी सम्झौता पनि अमेरिकी शर्त अनुसार नै भएको छ तर तिनको विरोधमा केही पनि नबोल्ने, केही गर्न नहुने भित्री डर छ । चीनसँग भएका सम्झौता अथवा नेपालमा चीनले गर्ने गरेको आयोजना सञ्चालनमा प्रश्न उठाउने काम कहींकतैबाट आजसम्म भएको छैन तर तिनै व्यक्तिहरू भारतसँग भएको सम्झौतामा प्रश्न उठाउने गर्छन् । जबकि भारतले नेपालको कानूनको सम्मान पनि गरेको छ । त्यति अन्य मुलुकले गरेको छैन । अमेरिकाले कार्यान्वयन सहयोगी छनोट गरी आयोजना सञ्चालन गर्ने गरेको, बेलायतले अन्तर्राष्ट्रिय परामर्शदातामार्फत सहयोग परिचालन गरेको, अस्ट्रेलियाले आफ्नै गैससमार्फत आयोजना सञ्चालन गर्ने गरेको र अनेकौं पश्चिमी देश र इस्लामिक देशहरूले पनि सोझै अथवा संस्थामार्फत लगानी गरेको तीतो यथार्थतिर हाम्रो राष्ट्रवादीहरूको ध्यान गएको हुँदैन । नेपालको हरेक सुख-दुःखमा साथ दिने, प्रत्येक सङ्कटको घडीमा सबैभन्दा पहिले र अग्रपङ्क्तिमा देखिने दक्षिणी छिमेकीप्रति अनावश्यक शङ्का गर्नु र विकास निर्माणको विरोध गर्नु दुर्भाग्यपूर्ण हो । एउटा छिमेकीको ऋण पनि नेपालको हितमा र अर्को छिमेकीको अनुदान सहयोग नेपालको हितविपरीत ठान्नेहरू यथार्थमा नेपाल र नेपाली जनताको विकासका विरोधी हुन् ।

# हिन्दू र मुस्लिमको आस्थाको केन्द्र बन्दै मुसबेटवा बाबा मजार

राँझा (बाँके), ३ फागुन/रासस

बाँकेको खजुरा गाउँपालिका-४ स्थित मुसबेटवा बाबा मजार हिन्दू र मुस्लिम धर्मावलम्बीको आस्थाको केन्द्र बन्दै गएको छ । प्रत्येक वर्ष श्रीपञ्चमीको दिनदेखि तीन दिनसम्म मुसबेटवा बाबा मजारमा लाग्दै आएको मेलामा हिन्दू र मुस्लिम दुवै समुदायका सर्वसाधारणले चादर ओढाएर श्रद्धा व्यक्त गर्ने गर्छन् ।

"यो मजारमा मुस्लिम धर्मगुरु रहने भएपनि हिन्दू समुदायको समेत उत्तिकै आस्था र विश्वास छ," स्थानीय अगुवा झकबहादुर पौडेलले भने, "मजारमा हिन्दू र मुस्लिम समुदाय अन्य दिनमा भन्दा मेलाको समयमा अधिक आउने गर्छन् ।"

खजुरा गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर विकले मुसबेटवा बाबा मजार मेला धार्मिक सद्भावको नमूनाका रूपमा रहेको बताए । यहाँ भारतका विभिन्न स्थानबाट समेत मनोकामना पूरा हुने भन्दै भक्तजन आउने गरेका छन् ।



तस्वीर: फाइल

हिन्दू र मुस्लिम समुदायले एकसाथ विश्वास गर्ने भएकाले मुसबेटवा बाबाको मजार दुवै समुदायको आस्थाको केन्द्र बन्दै गएको गाउँपालिका अध्यक्ष विकको भनाइ छ । हरेक वर्ष श्रीपञ्चमीको दिनदेखि तीन दिनसम्म मुसबेटवा बाबाको मजारमा मेला लाग्ने गर्छ ।

हजरत मुसा सा रामतुल्ला अलय र मुसबेटवा बाबाको नामले चिनिने उक्त मजारमा वर्षौंदेखि दुवै धर्मावलम्बीले पूजा गर्दै आएका छन् । मजारमा हुने सामूहिक पूजाले दुवै धर्मावलम्बीबीच सद्भाव बढाएको स्थानीय अगुवा सतीश निरौलाले जानकारी दिए ।

उनका अनुसार दैनिक पूजा हुने मजारमा बिहीवार र शुक्रवार भक्तजनको भीड लाग्ने गर्छ । मजारमा श्रीपञ्चमीका दिन वार्षिकरूपमा ठूलो मेला लाग्ने र विभिन्न धर्मावलम्बीले मेला भर्ने गरेका छन् ।

आस्था र विश्वासको धरोहर भएकाले पनि मजारमा सन्तान नभएकाले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालमा बेरोजगारी : बाध्यात्मक कि ऐच्छिक ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**यो काम गर्दा इज्जत बढ्छ, त्यो काम गर्दा इज्जत जान्छ भन्ने पनि होइन । यो त हाम्रो भावना हो, जसले एकथरि काम राम्रो अर्कोथरि काम नराम्रो भनेर छुट्याएको छ । यस्तो मनोवृत्तिले गर्दा हामीकहाँ दोस्रो किसिमको ऐच्छिक बेरोजगारी ठूलो समस्या हुन पुगेको छ ।**

समाचारहरूमा उल्लेख भए अनुसार अहिले नेपालको एकतिहाई जनसङ्ख्या देशभित्र छैन । नेपालीहरू कानूनी र गैरकानूनीरूपमा संसारका अनेक मुलुकमा पुगेका छन् । विश्वसनीय र सत्य जानकारी नलिएर नेपालीहरू रोजगारका लागि अनेक देशमा पुगेका छन् । दक्षिण अमेरिका र अफ्रिकी देशहरूसम्म पुगेका छन् ।

मानव तस्करहरूको जालमा परेर यस्ता देशमा पनि पुगेका छन्, जुन देश आफैं गरीब छ । त्यस देशका नागरिकहरू स्वयं रोजगारका लागि अन्य देश पुगेका छन् । यसैगरी यस्ता देश पनि पुगेका छन्, जुन देश आफैं निर्धन छ र रोजगारको अति अभाव छ, चरम बेरोजगारी छ । मानव तस्करको जालमा परेर रोजगारका लागि नेपालीहरू युद्धग्रस्त देशहरूमा पुगेका छन् । नेपालीहरू रोजगारका लगि अनेक देश जाने कथा यहीं र यत्तिकैमा समाप्त भए हुन्थ्यो नि ! नेपालीहरू भाडाको सैनिक बनेर युद्ध गर्न पुगेका छन्, अनेक देशमा । नेपालीहरू अहिले युक्रेन र रूस पुगेका छन्, युद्ध गर्न, राम्रो तलब भत्ता पाइने विश्वासमा ।

नेपालीहरू रोजगारका लागि, राम्रो आम्दानीका लागि कुन देशमा, कसरी, कुन स्थितिमा पुग्छन् भन्ने कथा अति नै लामो छ । के कस्तो जोखिम मोलेर गइरहेका छन्, कसरी ठगिन्छन्, यो कथा झनै लामो छ ।

चलनचल्तिको भाषामा, कानूनी रूपमा अमेरिका प्रवेश गर्नुलाई 'माथिल्लो बाटो' भएर अमेरिका आएको भन्ने गरिन्छ । मानव तस्कारहरूलाई मोटो रकम दिएर गैरकानूनीरूपमा अमेरिका प्रवेश गर्नुलाई 'तल्लो बाटो' भएर अमेरिका आएको भन्ने गरिन्छ । समाचारहरूमा उल्लेख भए अनुसार नेपालमा एक करोड रुपियाँसम्म मानव तस्कारहरूलाई भुक्तान गरेर नेपालीहरू तल्लोबाट अमेरिका आएका छन् । एकजना नेपाली अमेरिका आउनका लागि मानव तस्करलाई एक करोड रुपियाँसम्म भुक्तान गरिरहेको स्थिति छ । घर खेत बेचेर अमेरिका पुग्नका नाममा ठगिन तयार भएको स्थिति छ ।

तल्लो बाटोबाट अमरिका आउनेहरूलाई मानव तस्करहरूले नेपालबाट अनेक देश घुमाउँदै अमेरिकासँग जोडिएको देश मेक्सिको ल्याएर छाडिदिन्छन् रे । ठूलो जोखिम लिएर त्यसरी मेक्सिको आउनेहरूले गैरकानूनीरूपमा अमेरिका प्रवश गर्नुपर्ने हुन्छ । नेपालबाट अनेक देश हुँदै मेक्सिकोसम्मको यात्रा अति जोखिमपूर्ण हुन्छ । सुन्नमा आए अनुसार कतिपय बाटोमा हराउने, कतिपयको मृत्युसम्म हुने गरेको छ । यसैगरी मेक्सिकोबाट गैरकानूनीरूपमा अमेरिका प्रवेश गर्ने काम पनि उत्तिकै जोखिमपूर्ण छ । यति ठूलो जोखिम उठाएर अमेरिका प्रवेश गर्छन् । तर अमेरिकमा काम पाउने कुनै निश्चितता हुँदैन । बसाइ गैरकानूनी भएकोले पाइला–पाइलामा दुःख, कष्ट भोग्नुपर्ने हुन्छ ।

नेपालीहरू जुन सङ्ख्या र गतिमा रोजगारका लागि अहिले अनेक देश पुगिरहेका छन् त्यो स्थितिलाई विचार गर्दा हामीले आफैंसँग एउटा प्रश्न गर्नुपर्ने स्थिति उत्पन्न हुन्छ । के नेपालमा त्यो स्तरको वा विकराल बेरोजगारी छ ?

नेपालमा बेरोजगारी छ, यो कुरा सत्य हो; तर नेपालको बेरोजगारीको विश्लेषण गर्ने हो भने नेपालमा यथार्थभन्दा ऐच्छिक बेरोजगारी ठूलो समस्या बनेको छ । बेरोजगारी र ऐच्छिक बेरोजगारीबीच ठूलो अन्तर छ । यसबारे उति चर्चा भएको पाइँदैन ।

आफूले काम गर्न खोजेको छ । कुनै पनि काम गर्ने आफ्नो इच्छा छ, तर श्रम बजारमा कुनै पनि किसिमको काम छैन भने त्यस्तो स्थितिलाई यथार्थ बेरोजगार भन्ने गरिन्छ ।

श्रम बजारमा काम छ । तर खोजेजस्तो काम छैन । एकजना इन्जिनीयर हो तर उसले इन्जियिरिङको काम पाउन सकेको छैन । बजारमा घर सफा गर्ने काम उपलब्ध छ तर काम गर्नेले यो सानो काम हो, इज्जत नपाइने काम हो भनेर गर्दैन । यो स्थितिलाई ऐच्छिक बेरोजगारी भनिन्छ । आफ्नो सीप, दक्षता वा ज्ञान अनुसारको काम नपाउनु ऐच्छिक बेरोजगारी हो । यो एक किसिमको ऐच्छिक बेरोजगारी हो भने अर्को किसिमको बेरोजगारी आफूले खोजे अनुसारको काम नगर्नु र बेरोजगारी बस्नु हो । ऐच्छिक बेरोजगारी पनि दुई किसिमको हुन्छ ।

नेपालमा ऐच्छिक बेरोजगारी ठूलो समस्याको रूपमा रहेको छ । ऐच्छिक बेरोजगारीमा पनि आफूले खोजे अनुसार काम पाए मात्र गर्ने, न भए अर्को किसिमको काम नगर्ने मनोवृत्ति ठूलो समस्याको रूपमा रहेको छ । यो काम सानो, यो काम ठूलो, यो काम गर्दा इज्जत जान्छ, यो काम गर्दा इज्जत बढ्छ । यस्तो भावनाले गर्दा नेपालमा रोजगार भएर पनि बेरोजगारी हुनुपर्ने स्थिति छ । बिए, एमए पास व्यक्तिले बजारमा तरकारी बिक्री गर्नु इज्जत फाल्नु हो । यस्तो सामाजिक सोचले हाम्रो श्रम बजारलाई सङ्कुचित पारेको छ । बाँच्नका लागि काम गर्नुपर्छ । बाँच्नका लागि कुनै पनि किसिमको काम गर्न तत्पर रहनुपर्दछ । कामै नगरी बस्नुभन्दा कुनै पनि किसमको काम गर्नु इज्जतको कुरा हो ।

केही कामलाई हामीले केवल एक तोकिएको जातिले गर्ने भनेर वर्गीकरण गरिदिएका छौं । कपाल काट्ने, सडक सफा गर्ने, फोहर सफा गर्नेजस्ता कामलाई विशेष जातिहरूको काम भनेका छौं । यस्तो प्रवृत्तिले पनि श्रम बजारको विकास हुन्छ ? एमए पास गरेको व्यक्तिले पनि फोहर फाल्ने, सडक सफा गर्ने काम गर्ने मनोविज्ञान राख्नुपर्छ । काम आफैंमा सानो वा ठूलो हुँदैन । यो काम गर्दा इज्जत बढ्छ, त्यो काम गर्दा इज्जत जान्छ भन्ने पनि होइन । यो त हाम्रो भावना हो, जसले एकथरि काम राम्रो अर्कोथरि काम नराम्रो भनेर छुट्याएको छ । यस्तो मनोवृत्तिले गर्दा हामीकहाँ दोस्रो किसिमको ऐच्छिक बेरोजगारी ठूलो समस्या हुन पुगेको छ । काम छ तर पनि बेरोजगारी छ । अहिले स्थिति यस्तो छ ।

माथिको प्रसङ्गलाई फेरि दोहोऱ्याउँ । मानव तस्करलाई नेपालमा एक करोड रुपियाँ भुक्तान गरेर अमेरिका आउन तयार रहेको एक युवक वा युवतीले नेपालमा नै कुनै सानो आकारको व्यापार गरे हुँदैन ? एक करोड रुपियाँ, जुन उक्त व्यक्तिसँग छ, के उसले त्यसलाई पूँजीको रूपमा उपयोग गर्न सक्तैन ? यस प्रश्नको उत्तर सजिलो छ । हामी नेपालीहरू सानोतिनो (हामी आफैंले वर्गीकरण गरेको ) काम गर्न रुचाउँदैनौं । हामीलाई ठूलो काम चाहिन्छ । पद र पैसा दुवै ठूलो हुनुपर्छ । यो कारणले गर्दा पनि हाम्रो देशमा बेरोजगारी बढेको हो । हाम्रो बेरोजगारी यथार्थ कम ऐच्छिक बढी रहेको छ । ऐच्छिकमा पनि सानोतिनो काम गर्दिनँ भन्ने हाम्रो भावनले हामीलाई पिरोलेको छ ।

सन् २०१९ मा फैलिएको कोभिडले संसारभरिका मानिसलाई सतायो । करोडौंलाई बेरोजगारी बनायो । तर पनि त्यस समयमा कतिपयले आफ्नो सीप तथा दक्षताभन्दा फरक किसिमका काम गरे । अमेरिकामा कतिपय पाइलटहरूले व्यापारिक संस्थाहरूमा सामान्य श्रमिक बनेर काम गरे । म पाइलट हुँ मेरो काम हवाईजहाज चलाउने हो भनेर बेरोजगारी भएनन् । काम गरे, जस्तो काम पाए, त्यो गरे । कामलाई सानो–ठूलो भनेनन् । त्यो बेला हवाई उद्योग नराम्ररी प्रभावित भएको थियो । उडानहरू रद्द भएर यस उद्योगसँग सम्बन्धित लाखौं व्यक्ति बेरोजगारी भएका थिए ।

अमेरिकामा कामलाई ठूलो वा सानो भन्ने चलन छैन । यो काम गर्दा इज्जत बढ्ने र यो काम गर्दा इज्जत घट्ने भन्ने पनि छैन । अमेरिकी युवाहरू, खासगरी कलेजमा रहेको अवस्थामा, आफ्नो खर्चले अध्ययन गरिरहेको स्थितिमा, जस्तो किसिमको काम गर्न पनि तत्पर रहन्छन् । कलेजसम्मको अध्ययन समाप्त भएर, आफ्नो शिक्षा अनुसारको काम पाएर, एक किनारा लाग्नुपूर्व, युवाहरू जस्तो पनि काम गर्न तयार रहन्छन् । घर घरमा पिज्जा पुऱ्याउने काम पनि खुशीखुशी गर्छन् । कुनै दुःखेसो पोख्दैनन् । सानो काम गरिरहेको छु भनेर दुःखी हुँदैनन् ।

नेपालमा बेरोजगारीको कुरा गर्दा ऐच्छिक बेरोजगारीबारे खासै चर्चा गर्दैनौं । अहिले पनि, खासगरी काठमाडौंमा, कवाडी काम, तरकारी बेच्ने काम, भारतबाट आएका मानिस साइकल चढेर गर्छन् । यो काम गरेर राम्रो आम्दानी हात पार्छन् । तर काठमाडौंका मानिस यो काम गर्दैनन् । बरु कामको लागि अरबतिर जान्छन् । कस्तो अचम्म ! भारतका मानिसले काठमाडौंमा रोजगार पाएका छन्, हाम्रा युवाहरू भने काठमाडौंमा काम छैन भन्दै अरबतिर लागिरहेका छन् । ऐच्छिक बेरोजगारी यस्तै हुन्छ ।

बेरोजगारीभन्दा ऐच्छिक बेरोजगारी ठूलो समस्या हो । सबै किसिमका कामको सम्मान गर्न सिक्नुपर्छ । यसरी गर्ने हो भने नेपालमा बेरोजगारी समस्या क्रमिकरूपमा समाप्त हुँदै जान्छ, अवश्य पनि ।



**बैलगाडामा उखुका सुकेका पात बोकेर लैजाँदै:**
कञ्चनपुरको झलारी बजार भएर बैलगाडामा उखुका सुकेका पात बोकेर लैजाँदै गरेका किसान । उखुलगायत सुकेका पातहरू कुहाएर किसानले जैविक मल बनाइ खेतमा हाल्ने गरेका छन् ।
तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस

## वन्यजन्तुबाट बाली जोगाउन "धुआ" र "बिजुली"

महोत्तरी, ३ फागुन/रासस

न दिन भन्न पाइन्छ, न रात । महोत्तरीका गाउँ/नगरका बस्तीमा नीलगाई, बँदेल, दुम्सी र बाँदरसहितका वन्यजन्तुले बाली सखाप पारेर हैरान बनाएपछि किसान परम्परागत साधनको सहारा लिन थालेका छन् । खेतबारीका सुरसुरमा 'धुआ' (मुर्कट, बुख्याचा, झिलुङ्गो) ठड्याएर वन्यजन्तु तर्साउने यहाँको धेरै पुरानो चलन फेरि बाक्लिंदै गएको छ ।

"यो धुआ ठड्याउने त पुरानै चलन हो, बीचमा वन्यजन्तुको चहलपहल घट्दा हटेको थियो । अहिले फेरि हामीले यसको सहारा लिन थालेका छौं," भङ्गाहा–५ कर्पुरगंजका ६० वर्षीय किसान रामजुलुम सर्दारले भने, "बाली माड्दै, उखेल्दै हिंड्ने वन्यजन्तु धुआ ठडिएको देखेपछि मान्छे हो भन्ठानेर हच्कँदा रहेछन् ।" पूर्व–पश्चिम राजमार्गबाट करीब २० किलोमिटर दक्षिणतर्फको यहाँको बस्तीमा नीलगाई र बँदेलले धुरुक्क रुवाएको उनको भनाइ छ । "बाँदर र दुम्सी त यता देखिएका छैनन्, तर घोडगदाहा (नीलगाई) र जङ्गली सुङ्गुर (बँदेल)ले भने हुर्मत लिएका छन्," उनले भने ।

महोत्तरीका मध्य र दक्षिणी क्षेत्रमा नीलगाई र बँदेल आतङ्कले आजित किसान बाली लागेका खेतबारीका सुरमा धुआ ठड्याएसँगै ठाउँ–ठाउँमा बिजुली बाल्न थालेका छन् । बिजुलीको चिम (बल्ब) को उज्यालोबीच हातमा छडी बोकाइएको मुर्कट अगाडि पर्दा वन्यजन्तु हच्केर भाग्ने गरेका पाइएको किसानको भनाइ छ ।

जिल्लाको मध्य र दक्षिणी भेगसम्म नीलगाई र बँदेल आतङ्क छ भने वन क्षेत्रनजीकका उत्तरी क्षेत्रका बस्तीमा त बाँदर र दुम्सीले पनि हैरान खेलाएको किसानको गुनासो छ । बेलाबेलामा हुने हात्तीको आक्रमणबाट वाक्कदिक्क बनाएका बर्दिबास–३ राईमण्डलका ६० वर्षीया कर्णमाया गुर्मछाने बताउँछिन् । "बाँदरले त यी ठड्याएका मुर्कट केही गन्दैन, आँगनकै थाङ्ग्राका मकैसमेत उधिन्छ, नीलगाई र बँदेल भने बिजुलीको उज्यालो र मुर्कट देख्दा हच्किंदा रहेछन्," गुर्मछानेले सुनाइन् ।

"यो धुआ बाजेले ठड्याउनु भएको मलाई सम्झना छ," विगत सम्झँदै बर्दिबास–९ बनरझुल्लाका ७० वर्षीय रामचन्द्र महतो भन्छन्, "बीचमा वन्यजन्तुको हिंड्डुल कम हुँदा यसको चलन हराउँदै गएको थियो ।"

धुआ र बिजुलीको प्रबन्धले वन्यजन्तुको उपद्रव अलि कम भएको किसानको ठम्याइ छ । यसले बाली बच्ने र वन्यजन्तुलाई पनि चोट नलाग्ने भएपछि किसानले सन्तोषको श्वास फेर्न पाएका छन् । वन्यजन्तुले बाली खाएको देखेपछि लखेट्दा कैयौं बस्तीमा नीलगाई मारिएका र बँदेललाई पासो थापेर मार्ने गरेका घटना पनि अब कम हुने किसानको विश्वास छ ।

दिनभरि घारीतिर लुकेर मध्यरातपछि तरकारीबाली, गहुँ, उखुका बोट र केराका थामसमेत उखेल्ने बँदेलले हैरान नै पारेका बेला धुआ र बिजुलीले आफूहरूलाई राहत दिएको किसानको भनाइ छ । "बिजुलीको चमकमा हातमा लौरो लिएको मुर्कट देखेपछि मान्छे ठानेर बँदेल र नीलगाई हच्कँदा रहेछन्," बर्दिबास–७ प्रेमनगरका रामउद्गार महतोले भने, "खेतबारीमा बिजुलीको झलमल्ल उज्यालोमा जङ्गली जन्तु हिंडेको पनि अलिक टाढैबाट देखिन्छ, देख्नासाथ हल्लीखल्ली गरिएपछि वन्यजन्तु भाग्ने भएका हुँदा अहिले क्षति कम भएको छ ।"

महोत्तरीमा अचेल उत्तरदेखि दक्षिणसम्मकै किसानले धुआ र बिजुलीको बन्दोबस्त बढाएका छन् । बस्ती/बस्तीका किसानले खेतखेतमा बिजुली बालेपछि जताततै चहकिलो उज्यालो देखिन थालेको छ ।

"खेतबारीमा झलमल्ल बिजुलीको उज्यालो हुन्छ, जङ्गली जनावर मात्र होइन, यसले चोर्न पल्केका पनि हच्कँदा रहेछन्," भङ्गाहा–४ रामनगरका किसान शुभनारायण ठाकुरले भने, "खेतमा बिजुली बल्न थालेपछि केराका घरी र तरकारी चोर्ने घटना पनि कम भएका छन् ।" सघन तरकारीखेती गरिने महोत्तरीका उत्तरी क्षेत्रका स्थानीय तहहरू बर्दिबास, गौशाला, भङ्गाहा र औरहीसहित छिमेकको धनुषा जिल्लाका मिथिला र क्षीरेश्वर नगरपालिका एवं बटेश्वर गाउँपालिकाका बस्ती/बस्तीमा पनि वन्यजन्तुबाट बाली जोगाउन किसानले धुआ र बिजुलीको उपाय बाक्लै अपनाउँदैछन् ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, ३ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ४६ अङ्कले ओरालो लागेर दुई हजार ६२ दशमलव शून्य तीनमा सीमित भएको छ ।




ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ७१ अङ्कले ओरालो लागेर ३६८ दशमलव ५६ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने एक उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल एक करोड १४ लाख सात हजार २६४ कित्ता शेयर रु तीन अर्ब ८६ करोड ९१ लाख १८ हजार ७४१ मूल्यमा खरीद–बिक्री भए । कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु २२ करोड ८५ लाख ७६ हजार २६७ बराबरको शेयर कारोबार भयो ।

सगरमाथा जलविद्युत् कम्पनी रु ११ करोड ५९ लाख ६५ हजार ६२१, जोशी हाइड्रोपावर रु १० करोड ७५ लाख ५८ हजार २८३, एनआइसी एशिया बैंक रु आठ करोड ७० लाख २३ हजार १८० र हिमालयन ऊर्जा विकास कम्पनी रु आठ करोड ५७ लाख ५१ हजार ९४५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । छ्याङ्दी हाइड्रोपावर आठ दशमलव शून्य एक, जोशी हाइड्रोपावर सात दशमलव ४७ र बलेफी हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३४ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, मैलुङ खोला जलविद्युत् कम्पनी पाँच दशमलव ७०, प्रोगेसिभ फाइनान्स पाँच दशमलव ५८, माहुली लघुवित्त पाँच दशमलव ४२, रिभर फल्स पावर पाँच दशमलव १५ र हिमालयन पावर पार्टनरका लगानीकर्ताले चार दशमलव ९३ प्रतिशतले गुमाएका छन् ।

# अर्थतन्त्रको बाधक बैंकको खराब कर्जा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

> **अर्थतन्त्रमा देखिएको मन्दी, दबाब वा आसन्न सङ्कटको मूल कारण आर्थिक स्रोतको अभाव मात्र होइन, अर्थतन्त्र व्यवस्थापनमा सरकारले प्रदर्शन गर्न नसकेको शासकीय र नियामकीय निकायहरूबीचको समन्वयको चरम अभाव एवं समस्या समाधानमा सिर्जनशील दृष्टिकोणको अभाव हो ।**

पछिल्लो समय मुलुकमा देखिएको आर्थिक सङ्कटको कारण बैंक तथा वित्तीय संस्थाहरूको खराबकर्जा अनुपात बढ्ने क्रमले निरन्तरता पाएको छ । ऋण असुल नहुने तथा कर्जा प्रवाहसमेत नबढ्दा अहिले खराब कर्जा घट्नुको साटो झन् बढ्दै गइरहेको देखिन्छ । चालू आर्थिक वर्षको पहिलो छ महीनामा नौवटा वाणिज्य बैंकको खराब कर्जा अनुपात चार प्रतिशतभन्दा माथि रहेको देखिएको छ । बैंकहरूको खराब कर्जा अनुपात पाँच प्रतिशतभन्दा बढी हुनुलाई राम्रो मानिँदैन । त्यस्तो भएमा नेपाल राष्ट्र बैंकले शीघ्र सुधारका काम गर्न बैंकहरूलाई निर्देशन दिन्छ । तर चालू आर्थिक वर्षको पहिलो छ महीनामा यी बैंकको खराब कर्जा चार प्रतिशतभन्दा बढी भएकोले यसप्रति सम्बन्धित पक्ष सचेत र सावधान हुनुपर्ने अवस्था देखाएको छ ।

यसैगरी चालू आर्थिक वर्षको पहिलो छ महीनामा वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा अनुपात (एनपिएल) औसतमा साढे तीन प्रतिशत पुगेको छ । नेपाल राष्ट्र बैंकले यो अनुपात बढ्न नदिनका लागि विगतमा सहुलियत प्याकेज दिएको थियो। सहुलियत प्याकेज दिंदा पनि ती बैंकहरूको खराब कर्जा विगत एक वर्षमा १.०९ प्रतिशतले थपिएको छ। नेपाली अर्थतन्त्रमा आएको मन्दीका कारण विकास बैंकहरूको व्यवसायमा पनि असर परेको हो । अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण र पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसत ५ प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्चिंदा उद्योग व्यवसायमा सङ्कट आउने र यसले रोजगारसमेत गुम्न सक्ने तथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउन थालेको छ। बढ्दो बेरोजगारीका कारण उपभोक्ताको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएर वस्तुको माग घट्न थालेको छ । यसले बैंकहरूको कर्जाको सावाँ-ब्याज असुल हुन सकिरहेको छैन । फलस्वरूप बैंकहरूको खराब कर्जा बढ्दै गएको हो ।

अन्तर्राष्ट्रिय बैंकहरूमा निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतमाथि नै भएका उदाहरण थुप्रै छन् । तर नेपाल राष्ट्र बैंकले भने यस्तो अनुपात ५ प्रतिशत तल राख्ने गरी मौद्रिक उपकरण, नीति तथा नियमन र सुपरीवेक्षण गर्ने गर्छ । यस अघि नेपाल राष्ट्र बैंकले सो अनुपात ५ प्रतिशतमाथि भएका बैंक तथा वित्तीय संस्थालाई शीघ्र सुधारको कारबाई गर्ने गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको सुझाव तथा निगरानीमा वाणिज्य तथा विकास बैंकहरूले निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा तल राख्ने प्रयत्न गरेका हुन् । हालै सार्वजनिक भएका तथ्याङ्कबाट आर्थिक वर्ष २०८०/८१ मा खराब कर्जा घटाउन नसक्दा बैंक तथा वित्तीय संस्थाहरूलाई सो रकम उठाउन सम्बन्धित निकायले विशेष पहल गर्न जोड दिएको छ । विगतमा समग्र अर्थतन्त्रमा आएको शिथिलता र कर्जाको उच्च ब्याजदरका कारण बैंकहरूको खराब कर्जा घट्न सकेको छैन । जब अर्थतन्त्रमा मन्दी आउँछ र आर्थिक क्रियाकलापहरू चलायमान नभएर अर्थ व्यवस्था सङ्कटमा पर्न थाल्छ, त्यति बेला यसको प्रभावबाट बैंकिङ क्षेत्र पनि अछूतो रहन सक्दैन । बैंकिङ क्षेत्र नै अस्वस्थ भएपछि समग्र अर्थतन्त्र नै आर्थिक दुष्चक्रमा फस्ने सम्भावना बढी हुन्छ ।

कर्जाको मागमा वृद्धि हुनु भनेको सञ्चित निक्षेपहरूको विस्तार र लगानी दुवै हो । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो निक्षेपको आधारमा लगानी विस्तार गर्छन् । निक्षेपकर्ताहरूको नगद आवश्यकता पूरा गर्न उनीहरूले निश्चित प्रतिशत रकम केन्द्रीय बैंकमा रिजर्भको रूपमा राख्न आवश्यक छ । आवश्यक रकम सञ्चित राखेपछि वाणिज्य बैंकहरूले सार्वजनिक निक्षेपको बाँकी अंश ऋणको रूपमा दिने गर्छन् । बैंकहरूले राखेको रिजर्भ रकमलाई नगद रिजर्भ अनुपात भनिन्छ । पछिल्लो समयमा नेपालको बैंकिङ क्षेत्रमा कर्जा प्रवाह न्यून हुँदै जाँदा बैंकमा निक्षेपको थुप्रो लाग्न थालेको छ । अर्थतन्त्रमा आएको सुस्तता र उच्च ब्याजदरका कारण कर्जाको माग हुन नसक्दा बैंकमा निक्षेप थुप्रिन थालेको हो । निष्क्रिय वा खराब कर्जा घटाउन नसकेकै हुनाले पनि विगत केही महीनामा बैंकहरूले कर्जा लगानीमा रुचि देखाएका छैनन् । खराब कर्जा बढ्दै जानुको मुख्य कारण अर्थतन्त्रमा सङ्कुचन आउनु नै हो । अर्थतन्त्रमा सङ्कुचन आउँदा गाउँ-गाउँसम्म त्यसको असर देखिएको छ। ठूला व्यवसायीलाई मात्र नभई पछिल्लो समय ससाना व्यवसायीहरूमा पनि अर्थतन्त्र सङ्कुचनको असर देखिएको छ। आर्थिक गतिविधिमा कमी भएपछि त्यसको असर ऋणीहरूलाई समेत परेको देखिन्छ । आर्थिक गतिविधिमा आएको सङ्कुचनले गर्दा मानिसको नगद प्रवाहमा असर परेको पाइन्छ । जसले कर्जा असुलीका लागि गाह्रो परेको छ । बैंकहरूमा हुने खराब कर्जा व्यवस्थापन गर्नेगरी ती बैंकको वासलातबाट त्यस्ता कर्जा हटाएर खराब कर्जाका कारण बिग्रिएको बैंकको वित्तीय स्वास्थ्यलाई स्वस्थ बनाउने प्रयास गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

अहिले मुलुकमा लगानी गर्ने वातावरण नभएर वित्तीय प्रणालीमा ६ खर्ब रुपियाँभन्दा बढी लगानीयोग्य पूँजी थुप्रिएको छ। ब्याजदर निरन्तर घटिरहँदा पनि उद्योगी-व्यवसायीले लगानी विस्तार गर्न नचाहनुले अर्थतन्त्रको अवस्था ठीक नभएको देखाउँछ। स्वदेशी लगानीकर्ता स्वयंले लगानी विस्तार नगरी विदेशी लगानीकर्ता आउने सम्भावना न्यून हुन्छ। यस्तो अवस्थामा सरकारले लगानीकर्ताको आत्मविश्वास बढाउनुपर्छ । स्वदेशी र विदेशी लगानीकर्तालाई प्रोत्साहन गर्न लगानीमैत्री वातावरण निर्माणका लागि नीतिगत र कानूनी सुधारको खाँचो छ। नाफा सुनिश्चित नभएसम्म निजी क्षेत्रको लगानी नबढ्ने भएकोले आकर्षण बढाउन सरकार आफैंले लगानी वृद्धि गर्नुपर्छ । यसका लागि सरकारले वैदेशिक अनुदान र सहयोगको व्यापक परिचालन गर्न सक्नुपर्छ । नेपाल राष्ट्र बैंकबाट ओभरड्राफ्ट लिएर पनि सरकारले पूर्वाधार निर्माणमा लगानी बढाउन सक्छ। नीतिगत सुधार तथा कार्यशैली परिवर्तनबाट मात्र पूँजीगत खर्चले गति लिन्छ । सार्वजनिक प्रशासनलाई व्यावसायिक, दक्ष र नतीजामुखी बनाउनुपर्छ । सरकारले निर्माण व्यवसायीहरूको बाँकी दायित्व भुक्तानी बेलैमा गरिदिए पनि पूँजीगत खर्च बढ्न सक्छ । विकास आयोजनाको कामलाई तीव्रता दिन निरन्तर अनुगमन एवं ताकेता जरूरी छ। अनावश्यक म्याद थप्दै ठेक्का अवधि लम्ब्याउने प्रवृत्ति रोक्नुपर्छ । अन्तर्सरकारी निकाय समन्वय पनि प्रभावकारी हुनुपर्छ ।

गत आर्थिक वर्षको असार मसान्तमा वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा अनुपात २.८८ प्रतिशत रहेको थियो । चालू आर्थिक वर्षको पहिलो तीन महीनामा यसको अनुपात ३.६१ प्रतिशत पुगेको थियो। सरकारले लगानीमैत्री वातावरण बनाउन पहल नगरेको होइन, तर त्यो पर्याप्त देखिएन। लगानीकर्तालाई झन्झट नहोस् भनेर एकद्वार नीतिको व्यवस्था गरिएको छ, तर त्यो प्रभावकारी हुन सकेको छैन । अर्थतन्त्रमा आन्तरिक रोजगार सिर्जना शून्यप्रायः छ। अर्थतन्त्र चलायमान नहुँदा निजी क्षेत्रले रोजगारका नयाँ अवसर खुलाउन सकेका छैनन्। भएका पनि कटौती भएका छन् । सरकारले त कर्मचारी भर्ना नै लगभग बन्द गरेको छ । चालू आर्थिक वर्षको पहिलो छ महीनामा करीब तीन लाख नेपाली वैदेशिक रोजगारमा गएका छन्।

साना र मझौला स्वरोजगारमूलक उद्योगधन्दा ठूलो सङ्ख्यामा बन्द भएका छन्। पूँजीगत खर्चको अवस्था र क्षमता आर्थिक वृद्धि र रोजगार सिर्जनासँग जोडिएर आउँछ । यसरी अहिले अर्थतन्त्रमा देखिएको मन्दी, दबाब वा आसन्न सङ्कटको मूल कारण आर्थिक स्रोतको अभाव मात्र होइन, अर्थतन्त्र व्यवस्थापनमा सरकारले प्रदर्शन गर्न नसकेको शासकीय र नियामकीय निकायहरूबीचको समन्वयको चरम अभाव एवं समस्या समाधानमा सिर्जनशील दृष्टिकोणको अभाव नै हो। नेपाल राष्ट्र बैंकले परिस्थितिवश समस्यामा परेका ऋणीहरूको हकमा, कृषि तथा वन, माछापालन, खानी, कृषि, वन र पेय पदार्थ उत्पादन उद्योग, गैरखाद्य वस्तु उत्पादन, धातु, मेशीनरी तथा विद्युतीय औजार तथा जडान, यातायात, भण्डार र सञ्चार, थोक तथा खुद्रा बिक्री, पर्यटन, शिक्षा एवं स्वास्थ्य, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण गर्न बैंकहरूलाई छुट दिएको थियो । कर्जा अपचलन गर्ने, समयमैं ऋण नतिर्ने वा अन्य वित्तीय अपराध गर्नेको सूची तयार गरेर कर्जाको जोखिम व्यवस्थापन गर्नेलगायत काम गर्नेगरी २०४६ जेठ १ गतेदेखि कर्जा सूचना केन्द्र सञ्चालनमा ल्याइएको हो। नेपाल राष्ट्र बैंकले विभिन्न अवस्थामा कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्न सक्ने व्यवस्था छ । त्यसैले अब जलवायु परिवर्तन, उपभोक्ताको बदलिंदो रुचि, बढ्दो डिजिटल कारोबार आदिले नाटकीय गतिमा रूपान्तरण गरिरहेको अर्थतन्त्रको स्वरूप र आर्थिक अन्तर्क्रियाको परिवेश अनुसार राजस्व प्रशासन र सिङ्गो विकासको मोडललाई कसरी समयसापेक्ष एवं मुलुक-सान्दर्भिक बनाउन सकिन्छ, सरकारले यस दिशामा काम थाल्नुपर्ने देखिन्छ ।



**बाली उपचार तथा माटो परीक्षण हुँदैः** जिल्ला कृषि विकास कार्यालयको आयोजनाका साथै एकीकृत कृषि प्रयोगशाला, वीरेन्द्रनगर, सुर्खेतको प्राविधिक सहयोगमा भेरी नगरपालिका-५ मा बाली उपचार तथा माटो परीक्षण हुँदै । परीक्षणपछि आउने जानकारीका आधारमा कार्यालयले माटो सुधारका कार्यक्रम सञ्चालन गर्ने कृषकसामु प्रतिबद्धता व्यक्त गर्दै । तस्बिरः हेमन्त केसी/रासस

# आगलगीबाट लाखौंको क्षति



प्रस, वीरगंज, ३ फागुन/

वीरगज महानगरपालिका-१५ मुर्ली बगैंचामा रहेको शान्ति ट्रेड एन्ड कन्सर्नमा एक साताअघि भएको आगलागीमा लाखौं मूल्यबराबरको क्षति भएको वडा प्रहरी कार्यालय, श्रीपुरले जनाएको छ ।

खाद्यान्न, कस्मेटिक र मेडिकलका सामानहरू रहेको शान्ति ट्रेड एन्ड कर्न्सनमा माघ २६ गते शुक्रवार बेलुकी करीब सात बजे आगलागी भएको र सो आगलागीबाट करीब रु ४० लाख बढीको क्षति भएको सञ्चालिका इन्दु कुमारीले बताइन् ।

उनले विद्युत् सर्ट भएर आगलागी भएको र सो बखत पसल बन्द नभएकोले वारुणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा थप क्षति हुन नसकेको बताइन्।



**क्रेन लिफ्ट सिंचाइ आयोजनाः** चितवन भूमिगत संयोजनात्मक जल सिंचाइ आयोजनाले मकवानपुरको बाग्मती गाउँपालिका वडा नं २ राईगाउँस्थित बाग्मती नदीमा निर्माण गरेको क्रेन लिफ्ट सिंचाइ आयोजना । आयोजनाबाट यस क्षेत्रको सुक्खा जमीन सिञ्चित भएपछि स्थानीयवासी खुशी छन् ।
तस्बिरः सनद अधिकारी/रासस



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# बैंककमा प्रदूषण बढेपछि घरबाटै काम गर्न आग्रह

बैंकक, ३ फागुन/एएफपी

थाइल्यान्डको राजधानी बैंककमा बिहीवार धूवाँको बाक्लो तह फैलिएपछि हानिकारक वायु प्रदूषणबाट बच्न बैंकक शहरका कर्मचारीहरूलाई घरैबाट काम गर्न भनिएको छ।



तस्वीरः एजेन्सी

करीब एक करोड १० लाख जनसङ्ख्या रहेको यस शहरमा कामदारलाई प्रदूषणबाट बच्नका लागि शहरका अधिकारीहरूले कम्तीमा शुक्रवारसम्म सकेसम्म घरबाटै सेवा प्रवाह गराई सहयोग गर्न सरकारी अर्धसरकारी, निजी कार्यालय, सङ्घसंस्था र रोजगारदाताहरूसँग आग्रह गरेका छन्।

वायु निगरानी गर्ने वेबसाइट आइक्युएयरले बिहीवार बिहान बैंककलाई विश्वका १० सबैभन्दा प्रदूषित शहरको सूचीमा राखेको छ।

आइक्युएयरका अनुसार सबैभन्दा खतरनाक पिएम २.५ कणको स्तर विश्व स्वास्थ्य सङ्गठनको वार्षिक दिशा निर्देशभन्दा १५ गुणा बढी थियो।

बैंककका गभर्नर चाडचार्ट सिटिपन्टले बुधवार अबेर राति शहरका आफ्ना सबै कर्मचारीले बिहीवार र शुक्रवार घरैबाट काम गर्ने बताएका छन् भने शहरका अन्य सेवा प्रदायी सङ्घसंस्थाहरूलाई पनि सहयोगका लागि आग्रह गरेका छन्।

"वायु प्रदूषणका कारण ६० हजारभन्दा बढी मानिस प्रभावित भएका छन्। त्यसैले सरकारी कार्यालय र निजी क्षेत्र गरी करीब १५१ कम्पनी र संस्थाहरूको बिएमए नेटवर्कसँग सहयोगको लागि अनुरोध गर्दछु"–उनले एक विज्ञप्तिमा भनेका छन्।"

चाडचार्टका अनुसार बैंकक्का ५० जिल्लामध्ये कम्तीमा २० जिल्लामा पिएम २.५ कणको अस्वस्थकर स्तर हुने अनुमान गरिएको छ र शान्त मौसमका कारण यो समस्या लम्बिने छ।

थाइल्यान्डमा शहर वरपरका किसानहरूले वर्षको प्रारम्भिक महीनामा मल र न्यानोका लागि खेतबारीमा नल पराल जलाउँदा निस्कने धूवाँले औद्योगिक उत्सर्जन र वाहनबाट निस्कने धूवाँमा हावाको गुणस्तर नियमित घट्ने गर्छ।"

राजधानी बैंकक र उत्तरी शहर च्याङमाई गत वर्ष कैयौं दिनसम्म विश्वको सबैभन्दा प्रदूषित शहरको सूचीमा परेका थिए।

प्रदूषणका कारण थाइल्यान्डमा सन् २०२३ मा कम्तीमा २० लाख मानिसलाई उपचारको आवश्यकता परेको थियो।

गत अगस्तमा पदभार ग्रहण गरेको प्रधानमन्त्री श्रेता थाभिसिनको सरकारले वायु प्रदूषणको सामना गर्न 'राष्ट्रिय एजेन्डा' बनाउने वाचा गरेको थियो र उनको क्याबिनेटले गत महीना स्वच्छ वायु ऐनको मस्यौदा अनुमोदन गरेको थियो। तर यो समस्या कायमै छ र गत महीना च्याङमाईको अदालतले सरकारलाई ९० दिनभित्र वायु प्रदूषण नियन्त्रणका लागि तत्काल योजना ल्याउन आदेश दिएको थियो। रासस

# आप्रवासी बोकेको डुङ्गा पल्टिंदा चारजनाको मृत्यु, सातजना बेपत्ता

पानामा सिटी, ३ फागुन/सिन्ह्वा

खराब मौसमका कारण पानामाको उत्तरपूर्वी तटमा डुङ्गा पल्टिंदा चारजना आप्रवासीको मृत्यु हुनुका साथै अन्य सातजना बेपत्ता भएका पानामाका अधिकारीहरूले बुधवार बताएका छन्।

मध्य अमेरिकी देशको राष्ट्रिय सीमा सेवाले गरेको पोस्ट तथा स्थानीय सञ्चारमाध्यमको रिपोर्ट अनुसार दुर्घटनामा परेका अन्य १४ जना सुरक्षित छन्।

कोलम्बियाबाट आएको उक्त डुङ्गा पानामाको गुना यला आदिवासी प्रान्तको क्यारेटो समुदायनजीकै पल्टिएको थियो।

अध्यागमन अधिकारीसँगको समन्वयमा शवहरूको व्यवस्थापन तथा जीवित मानिसहरूको उद्धार गर्ने कार्य जारी रहेको छ।

प्रत्येक वर्ष हजारौं आप्रवासी कामको खोजीमा पानामामा प्रवेश गर्ने प्रयास गर्छन्।

विशाल वन क्षेत्र तथा दलदलले ६० माइल वरपर फैलिएको डेरियनलाई विश्वको सबैभन्दा खतरनाक बसाइँसराइ मार्गहरूमध्ये एक मानिन्छ। सेनाका अनुसार डेरियन पदमार्ग नभई घना जङ्गल हो।

सेनाले हालसालै अन्तर्राष्ट्रिय आपराधिक सङ्गठनहरूद्वारा आप्रवासी तस्करीको सामना गर्न आप्रवासी डुङ्गाहरूको बढ्दो आगमन रोक्न गस्ती र अन्य उपायहरू बलियो बनाएको बताएको छ।

सन् २०२३ मा मात्रै पाँच लाख २० हजार ८५ आप्रवासी कोलम्बियाबाट पानामा डेरियन सीमा क्षेत्र हुँदै गएका थिए। यसैगरी सन् २००९ देखि २०२२ सम्म यही मार्गबाट आएका पाँच लाख १४४ भन्दा बढी आप्रवासी रहेको पानामाको राष्ट्रिय आप्रवासी सेवाको तथ्याङ्कले देखाएको छ। रासस

# जापानलाई उछिन्दै जर्मनी बन्यो विश्वको तेस्रो ठूलो अर्थतन्त्र

टोकियो, ३ फागुन/एएफपी

जापानको अर्थतन्त्रमा गत वर्षको तेस्रो र चौथो त्रैमासिक अवधिमा लगातार सङ्कुचन देखिएकोले बिहीवार सार्वजनिक सरकारी तथ्याङ्कले आर्थिक मन्दीको सङ्केत गरेको छ। कमजोर खर्चका कारण अक्टोबर–डिसेम्बरको अवधिमा अर्थतन्त्र ०.४ प्रतिशतको दरले खुम्चिएको तथ्याङ्कले देखाएको छ।

यसैबीच, जापानले विश्वको तेस्रो ठूलो अर्थतन्त्रको हैसियत गुमाएको छ किनभने सन् २०२३ का लागि उसको कुल गार्हस्थ्य उत्पादन ५९१.४८ ट्रिलियन येन (४.२१ ट्रिलियन अमेरिकी डलर) रहेको छ। जापानलाई जर्मनीले उछिनेको छ अर्थात् जर्मनीको अर्थव्यवस्थाको आकारभन्दा जापानको अर्थव्यवस्था कम भएको छ। सन् २०२३ मा जर्मनीको कुल गार्हस्थ्य उत्पादन ४.४६ ट्रिलियन डलर कायम भएको छ।जापानमा उत्पादित वस्तु तथा सेवाको कुल मूल्य वास्तविक कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अघिल्लो त्रैमासिकको तुलनामा ०.१ प्रतिशतले घटेको सरकारको प्रारम्भिक तथ्याङ्कले देखाएको छ।

क्याबिनेट कार्यालयका अनुसार दोस्रो त्रैमासिकको तुलनामा सन् २०२३ को तेस्रो त्रैमासिकमा ०.८ प्रतिशतले कमी आएको हो। जापानको कुल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको निजी उपभोग अक्टोबर–डिसेम्बर अवधिमा ०.२ प्रतिशतले घटेको छ, जुन लगातार नौ महीनादेखि जारी गिरावट हो।

व्यावसायिक लगानी पनि ०.१ प्रतिशतले खुम्चिएको छ। कुल गार्हस्थ्य उत्पादनमा नकारात्मक प्रभाव पार्ने आयात १.७ प्रतिशतले बढेको छ भने निर्यात २.६ प्रतिशतले बढेको छ।

बिहीवारको तथ्याङ्कले सन् २०२३ मा जापानको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) १.९ प्रतिशतले वृद्धि भई नाम मात्रको हिसाबले ५.७ प्रतिशतले वृद्धि भएको देखाएको छ। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)


त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# घाइते भन्छन् : पहाडमा ठोक्किएको बस उछिट्टिएर खोलामा खस्यो

लुम्बिनी, ३ फागुन/रासस

"राति ९ बजेतिर कोहलपुरमा खाना खाएपछि काठमाडौंतर्फ अघि बढेको बसको सिटमा म निदाउन आँटेकी थिएँ,



तस्वीरः रासस

बस तीव्रगतिमा भएर होला पहाडमा ठोक्किँदा ठूलो आवाज आयो," बुटवलस्थित चौराहा अस्पतालमा उपचाररत ५५ वर्षीया यात्री नारायणी थापाले सुनाइन्। उनी छोरीसँगै काठमाडौं जान बुधवार दिउँसो साढे दुई बजे महेन्द्रनगरबाट छुटेको गाडी चढेकी थिइन्।

सुनौलो महाकाली यातायातको बस कपिलवस्तुको शिवराज नगरपालिका–१ सुरही पुलनजीकै दुर्घटना हुँदा उनी घाइते भई हाल अस्पतालमा उपचाररत छिन्। सो दुर्घटनामा परी सात पुरुष र तीन महिला गरी १० जनाको मृत्यु भयो भने ३० जना यात्री घाइते भए।

"दुर्घटनापछि यात्रीहरू बचाउबचाउ भन्दै गरेको आवाज दिइरहेको सुनेपछि मैले पनि आवाज दिएँ। त्यसपछि दुईजनाले उद्धार गर्नुभयो," भीमदत्त नगरपालिका–१६ घर भएकी थापाले सुनाइन्, "रातिको समय, जङ्गल र पहाडको खोंचमा फोन पनि नलाग्ने भएकोले उद्धार तत्कालै हुन पाएन। अँध्यारोमा जो बोल्छ आवाज सुनेर उद्धारकर्ताले शुरूमा उनीहरूलाई नै उद्धार गरे जस्तो लाग्यो।"

सोही बसमा सवार कञ्चनपुर महेन्द्रनगरका ज्ञानेन्द्र पालले दुर्घटना हुँदाको क्षण सम्झँदै भने, "राति भएकोले अधिकांश यात्री मस्त निद्रामा थिए। म भने निदाइसकेको थिइनँ। त्यही बेला बस ठोक्किएको ठूलो आवाज आयो र पल्टियो। सबै यात्रीहरू चिच्याउन थाले।"

कपिलवस्तुकै चन्दौटास्थित अस्पतालमा उपचार गराइरहेका पालले दुर्घटनापछि आफू उठ्नका लागि पटकपटक प्रयास गर्दा पनि असफल भएको बताए। "शरीर नराम्रोसँग ठोक्किएछ, अहिले पनि राम्रोसँग उठ्न नसक्ने अवस्था छ। ढाड अझै दुःखिरहेको छ," उनले भने, "जीवनमा पहिलोपटक ठूलो दुर्घटनाबाट बचियो।" उनी बस अनियन्त्रित हुँदा दुर्घटना भएको हुन सक्ने अनुमान गर्छन्।

पेशाले मूर्तिकार काठमाडौं कीर्तिपुरका अनिल ताण्डुकारले चालकले गियर बदल्ने बेलामा ठूलो आवाज आएको र त्यसको केही समयमैं दुर्घटना भएको अनुभव सुनाए। "आँखा अगाडि नै धेरैको ज्यान गयो, चाहेर पनि सबैको उद्धार गर्न सकिएन," अनिलले भने। उनी बसको क्याबिनमा चालकनजीकैको सिटमा बसेका थिए।

दुर्घटनामा रौतहट औरही–३ का ४६ वर्षीय नारायणबहादुर भण्डारी, सल्यान सैनिकहल–३ भई हाल नेपाली सेनाको कालीजङ्ग गण गोरुसिङ्गेमा कार्यरत अर्जुनकुमार योगी, भारत, उत्तर प्रदेश मुरादाबादका सकील मुसलमान, भीमदत्त नगरपालिका–१ कञ्चनपुरका २७ वर्षीय राहुलराम कामीको मृत्यु भएको छ।

साथै भीमदत्त–४ कञ्चनपुरका २४ वर्षीय उमेश भण्डारी, भीमदत्त नगरपालिका–१६ कञ्चनपुरकी २७ वर्षीया सञ्जु थापा, पुनर्वास नगरपालिका निवासी किसन भट्ट, भीमदत्त नगरपालिका बस्ने खगेश्वरी खाती, भीमदत्त नगरपालिका–२ बस्ने सुदीप भट्ट र पुनर्वास नगरपालिका–९ बिसफाटा बस्ने विमलादेवी भट्टको पनि ज्यान गएको छ।

बसका चालक महेन्द्रनगरका पूर्णबहादुर चन्दले पहाडी घुम्तीमा बसको ब्रेकले काम नगरेपछि पहाडमा ठोक्किएर यात्री बचाउन खोज्दा बस उछिट्टिएर खोलामा खसेको बताए। बुटवलको चौराहा अस्पतालमा उपचार गराइरहेका चालक चन्दका अनुसार आफूभन्दा पछाडि आएका बसका कर्मचारी र यात्रीले भालुवाङ प्रहरीलाई जानकारी गराएपछि चन्दौटा र भालुवाङबाट नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको हो।

घटनास्थल घना जङ्गल र पहाडमा पर्ने भएकोले सहजरूपमा सञ्चार सम्पर्क हुन नसक्दा उद्धारमा ढिलाइ भएको घाइते यात्रीहरूको भनाइ छ। सशस्त्र प्रहरी भालुवाङ, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी कपिलवस्तुको रोप रेस्क्यु टीमले उद्धार गरेको सशस्त्र प्रहरी कपिलवस्तुका प्रहरी उपरीक्षक जीवन केसीले बताए।

"उद्धारका क्रममा पहिलो प्राथमिकता जटिल घाइतेलाई दियौं," केसीले भने, "घटनास्थलको अवस्था हेर्दा धेरै मानवीय क्षति हुनबाट जोगिएको छ।" बस दुर्घटना हुनुमा बसको ब्रेकमा समस्या अथवा चालक निदाएको हुन सक्ने अनुमान गरिएको उनको भनाइ छ।

# पाँच लाख डेनिस क्रोनसहित दुईजना पक्राउ

काठमाडौं, ३ फागुन/रासस

नेपाल प्रहरीले पाँच लाख डेनिस क्रोनसहित दुईजना पाकिस्तानी नागरिकलाई पक्राउ गरी बिहीवार सार्वजनिक गरेको छ।

उनीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधवार साँझ पक्राउ परेको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा ३१ वर्षीय यासिन अहमद र ४८ वर्षीय मोहम्मद अदनान लखानी रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए।

उनले भने, "फ्लाई दुबईको उडानबाट दुबईबाट नेपाल आएका उनीहरूलाई अन्तर्राष्ट्रिय उडानतर्फको आगमन टनेल गेटबाट करीब रु ९५ लाख ४३ हजार ३८४ नेपाली हुन आउने उक्त विदेशी मुद्रा अवैधरूपमा लुकाइछिपाइ लैजान लागेको अवस्थामा फेला पारी दुवैजनालाई पक्राउ गरेका छौं।"

पक्राउ परेका निज पाकिस्तानी नागरिकलाई आवश्यक अनुसन्धान एवं कारबाईका लागि राजस्व अनुसन्धान विभाग हरिहर भवन पुल्चोक ललितपुर पठाइने केन्द्रीय प्रहरी प्रवक्ता ढकालले बताए।

### दुग्ध ..

सहकारी सङ्घका बीचमा पटकपटक भएको छलफल र सम्झौता कार्यान्वयन नभएको जनाउँदै सरकारको उदासीनता भइरहे बाध्य भई पीडित कृषकहरू सडक सङ्घर्ष गर्न बाध्य हुनेसमेत जनाइएको छ।

लामो समयदेखि कृषकहरूले भुक्तानी नपाउने तर दूध होलिडे हुने जस्ता दोहोरो मारमा अधिकांश दूध उत्पादक कृषक परिरहेको भन्दै फागुन महीनाभित्र सबै समस्याको दीर्घकालीन समाधान गर्नसमेत विज्ञप्तिमार्फत आग्रह गरिएको छ। जिल्लाभरिका कृषकहरूलाई जस्तै निजगढका कृषकलाई पनि दैनिकरूपमा पर्दै आइरहेको मर्कालाई स्थानीय तह निजगढ नगरपालिकाले केही हदसम्म समाधान गर्न विद्यालयहरूमा दिवाखाजा, सुत्केरी पोषण तथा अन्य कार्यक्रमहरूमा दूध र दुग्धजन्य पदार्थको खपत गर्नसमेत उक्त पत्रमा निजगढ नगरपालिकालाई ध्यानाकर्षण गराइएको छ।

### हिन्दू र ...

छोराछोरी प्राप्तिका लागि वर माग्ने गरेका छन्। विश्वासले पूजाका लागि फरक धर्मका भक्तजन मजारमा आउने र धार्मिक–सामाजिक सद्भावको सन्देश प्रवाह गरेको उनले उल्लेख गरे।

हिन्दू र मुस्लिमबीचको साझा धार्मिक सद्भाव बोकेको यस मजारमा पूजाआजा गरे मनोकाङ्क्षा पूरा हुने विश्वासका कारण दुवै समुदायका भक्तजन दर्शन गर्न आउने गरेका छन्। दुवै समुदायमा मुसबेटवा बाबासँग मागेको कुरा पूरा हुने धार्मिक विश्वास छ। सरस्वती पूजाका दिन यहाँ बाबाको दर्शन गर्न भन्दै हिन्दू र मुस्लिम दुवै धर्मावलम्बीको भीड लाग्छ।

"यहाँ २०२३ सालदेखि नै हिन्दू र मुस्लिम समुदायले पूजाआजा गर्दै आएको किंवदन्ती रहेको छ," खजुरा गाउँपालिका वडा नं ४ का अध्यक्ष टेकबहादुर रोकायाले भने, "दुवै धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा धार्मिक र ऐतिहासिक महत्त्व बोकेको मजारको ऐतिहासिक महत्त्व दर्शाउन संरक्षण जरुरी रहेको छ।"

मुसवेटवा बाबालाई चादर चढाएमा मागेको कुरा पूरा हुने दुवै धर्मावलम्बीको विश्वास छ। चाहे हिन्दू होस् या मुस्लिम, दुवै समुदायलाई धार्मिकरूपमा मुसबेटवा बाबाले एकतामा बाँधेर आपसी सद्भावलाई बलियो बनाएको वडाध्यक्ष रोकायाको भनाइ छ।

वडाध्यक्ष रोकायाले धार्मिक र सामाजिक सद्भावको मजारलाई थप व्यवस्थित बनाउन सङ्घ र प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – ईश्वरप्राप्ति | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – धनलाभ |
| धनु – सुसमाचार | मकर – रोगभय |
| कुम्भ – मित्रमिलन | मीन – मिष्टान्नभोजन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं ME1RG445AJ0051687, इन्जिन नं G3J3K0385204 भएको ना.६२प ८०७९ नम्बरको १४९ सिसीको एफजेड, नीलो रङ्गको मोटरसाइकल २०८०/१०/२१ गते राति ७३० देखि ८ बजेको बीचमा वीरगंज महानगरपालिकाको मीनाबजार, महावीर मन्दिर अगाडि सडकमा पार्किङ गरिराखेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८५५०२६११५ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

परमानन्द प्रसाद गुप्ता

बहुदरमाई नपा-८, हालः वीरगंज-१३

# लसुन र कस्मेटिकसहित तीनजना पक्राउ


तस्वीरः सौजन्य

सुग्रीव साह, भिस्वा, ३ फागुन/

भारतीय सीमा सुरक्षा बल एसएसबीले कस्मेटिक सामानसहित ठूलो परिमाणमा लसुन बरामद गरेको छ।

नेपालबाट ट्याक्टरमा लगिएको लसुन सूचनाको आधारमा सिकटाको पुरनियाबाट कमान्डेट विकाश कुमारको निर्देशनमा मोतिहारी कस्टम टीमका अधिकारी दीपक कृष्ण, उपकमान्डेन्ट, इन्स्पेक्टर सञ्जय कुमार साह, सिकटाको टोलीले आठवटा ट्याक्टरमा रहेको ६४ हजार किलो लसुन बरामद गरेको हो।

यसैगरी, लसुनसँगै एकजना ट्याक्टरचालक पक्राउ परेका छन् भने अन्य भाग्न सफल भएको बताइन्छ। यसै घटनामा प्रहरीले एउटा पिकअपबाट ५० लाख मूल्य बराबरको कस्मेटिक सामानसहित दुईजनालाई पक्राउ गरेको छ।

बरामद भएको लसुन चीनमा उत्पादित भएको एसएसबीको दाबी छ। नेपालको बाटो चीनमा उत्पादित लसुन भारतमा बरामद भएको र बरामद लसुन, गाडी र मानिसलाई आवश्यक कारबाईको लागि मोतिहारी कस्टममा पठाइएको एसएसबीले जनाएको छ।

# सर्लाहीको हरिपूर्वाको नगरसभा हुने कुरामा पुनः विवाद

नितेश कर्ण, वीरगंज, ३ फागुन/

सर्लाहीको हरिपूर्वा नगरपालिकाले चालू आव २०८०/८१ को नगरसभा फागुन ७ गते गर्ने भएको छ। लामो समयदेखि रोकिएको नगरसभा फागुन ७ गते गर्ने तयारी भएको नगरप्रमुख विनोदकुमार साहले बताए।

नगरसभा हुन नसक्दा पालिकाले अहिलेसम्म कुनै बजेट खर्च गर्न सकेको छैन। त्यस्तै, पालिकाको प्रशासनिक भवन निर्माण हुन सकेको छैन भने कर्मचारीले तलबसमेत पाएका छैनन्। नगरसभा नहुँदा कर्मचारी भर्ना, प्रहरी चौकी भवन निर्माण हुन सकेको छैन।

नगरसभाका सदस्य र कार्यपालिका सदस्यबीच सहमति हुन नसक्दा धेरै योजना अहिलेसम्म अलपत्र छन्। गत आवमा विनियोजन भएका धेरै योजना थन्किएका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा असार महीनाभित्र नगरसभा गराउनुपर्ने व्यवस्था भएपनि राजनीतिक खिंचातानीका कारण पटकपटक प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएकाले नगरसभा हुन नसकेको हो। समयमा नगरसभा नहुँदा कर्मचारीले सात महीनादेखि तलब पाएका छैनन्। त्यसैगरी, सामाजिक सुरक्षा भत्तासमेत प्रभावित भएको छ। सामाजिक सुरक्षा भत्ता नपाउँदा ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग समस्यामा परेका छन्।

नगरसभा सञ्चालनका लागि माघ २८ गते बैठक बसेको थियो। बैठकमा सहभागी बहुमत नगरसभाका सदस्यले फागुन ७ गते नगरसभा गर्ने सहमति गरेको नगरप्रमुख साहले बताए। उनले भने, "बहुमत सदस्यको आधारमा नगरसभा हुन्छ। नगरसभा नहुँदा अहिलेसम्म नगर नै बन्धक बनेको छ।"

वडा नं ६ का अध्यक्ष रामसोगारथ रायले माघ २८ मा बसेको कार्यपालिकाको बैठकको उपस्थितिमा झुक्याएर सही गर्न लगाएको आरोप लगाए। उनले माघ २८ गतेको कार्यपालिकामा नगरसभा गर्ने कुनै निर्णय नभएको दाबी गरे। नगरप्रमुख साहले कार्यपालिकाको निर्णयविना नै नगरसभाको हल्ला बजारमा फैलाइएको आरोप लगाए। उनले फागुन ७ गते नगरसभा हुने कुरामा आशङ्का व्यक्त गरे।

प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएको र उनको अनुपस्थितिमा नगरसभा गर्न नमिल्ने एकजना कार्यपालिका सदस्यले बताए। प्रमुख प्रशासकीय अधिकृत शम्भुप्रसाद यादवको सरुवा माघ ३ गते गरिएको थियो र उनी सरुवा भएको स्थान सर्लाही नगरपालिका नगएर हरिपूर्वामा नै बस्दा मन्त्रालयले पुनः माघ २८ गते ताकेता गरेर उनको रमाना गराएको थियो।


## वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि "घरपरिवारमा छोडौं"

**वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं**

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृति,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्त्वपूर्ण लागेका अन्य कागजातहरू

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## विश्वकप क्रिकेट लिग–२ : उद्घाटन खेलमा नेपाल पराजित

काठमाडौं, ३ फागुन/रासस

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग–२ को त्रिकोणात्मक शृङ्खलाको उद्घाटन खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको छ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा जीतसँगै नामिबियाले दुई अङ्क जोडेको छ। जीतका लागि नेपालले दिएको १३३ रनको सामान्य लक्ष्य नामिबियाले ३३ दशमलव एक ओभरमा छ विकेट गुमाउँदै पूरा गर्‍यो।

नामिबियाको जीतमा जान फ्रिलिंकले सर्वाधिक ३४ रनको योगदान दिए। उनले ५३ बल खेल्ने क्रममा चार चौका प्रहार गरे। त्यसैगरी, जान निकोल लोफिट इटनले ३१ रन बनाए भने मिचेल भान लिङ्गेनले २३ रन बनाए। त्यस्तै, निकोलास डाभिनले १५ रन जोडे।

बलिङतर्फ नेपालका सोमपाल कामीले तीन र ललित राजवंशीले दुई विकेट लिए। त्यस्तै, कप्तान रोहितकुमार पौडेलले एक विकेट झारे।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १३२ रनमा समेटिएको थियो। नेपालका लागि भीम सार्कीले सर्वाधिक ४४ रनको योगदान दिए। उनले ८६ बल खेल्ने क्रममा दुई चौका र एक छक्का पनि प्रहार गरे। त्यस्तै, गुलशन झाले २१ रन बनाए। उनले ३१ बल खेल्दै तीन चौका प्रहार गरे र ३८ बल खेलेका करण केसीले तीन चौकाको सहयोगमा १६ रन बनाए।

कप्तान रोहितकुमार पौडेल १३ बल खेल्दै एक रन मात्रै बनाउन सके भने कुशल मल्लले २२ बलमा एक चौका र एक छक्काको सहयोगमा १५ रन बनाए। सोमपाल कामी दुई रनमा आउट हुँदा कुशल भुर्तेलले खाता खोल्न सकेनन्। त्यसैगरी, पवन सर्राफले १२, अनिल शाहले आठ तथा आसिफ शेखले चार रन बनाए।

नेपाललाई सस्तैमा समेट्ने क्रममा नामिबियाका जजेरार्ड एरास्मसले पाँच विकेट चट्काए। त्यस्तै, ज्याक ब्रासेल र रूबेन ट्रम्पलम्यानले समान दुई/दुई विकेट लिए। अब नेपालले आफ्नो दोस्रो खेल शनिवार नेदरल्यान्ड्ससँग खेल्नेछ।

## चरेससहित दुईजना भारतीय पक्राउ

प्रस, वीरगंज, ३ फागुन/

जिल्ला प्रहरी कार्यालय बाराले करीब ३५ किलो चरेससहित दुईजनालाई पक्राउ गरेको जनाएको छ।

जिप्रका, बारा अन्तर्गतको इलाका प्रहरी कार्यालय, अमलेखगंजले हिजो करीब ३५ किलो चरेससहित दुईजना भारतीय नागरिक पक्राउ गरेको बारा प्रहरीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक वीरेन्द्र गुरुङले बताए। उनले हेटौंडाबाट वीरगंजतर्फ आइरहेको भारतीय नम्बर प्लेटको कारमा लुकाइएको सो चरेस बरामद भएको बताए। चरेस बरामद भएपछि चालक भारत, उत्तर प्रदेश निवासी ४२ वर्षीय साजिर अलि र ४५ वर्षीय मोहमद अफजललाई पक्राउ गरेर अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको बताए।

**अपहरण मुद्दामा फरार गोसाईं पक्राउ**

जिल्ला प्रहरी कार्यालय, बाराले अपहरण र शरीर बन्धक मुद्दामा फरार एकजनालाई पक्राउ गरेको छ। बारा जिल्ला अदालत, कलैयामा अपहरण र शरीर बन्धक मुद्दा दायर भएपछि फरार रहेका प्रसौनी गापा–१ का ४५ वर्षीय राजकुमार गोसाईंलाई पक्राउ गरिएको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी निरीक्षक वीरेन्द्र गुरुङले बताए।

# तीन थान सालको काठ बरामद


तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, ३ फागुन/

विन्ध्यवासिनी कोइलाभार साझेदारी वन उपभोक्ता समितिले बिहीवार तीन थान सालको गोलिया बरामद गरेको छ।

सबडिभिजन वन कार्यालय, बडनिहारका वन सुरक्षा गस्ती टोली, इलाका प्रहरी कार्यालय, एकटाँगा र मनवा प्रहरी चौकीको संयुक्त टोलीले पर्सागढी नगरपालिका–२ झोङ्गर गाउँको पैनी किनारमा परालले छोपेर राखिएको तीन थान सालको गोलिया (३२ क्युफिट) बरामद गरेको साझेदारी वनका अध्यक्ष रिजवान आलमले बताए।

बरामद काठ सबडिभिजन वन कार्यालय, बडनिहारमा राखिएको छ भने तस्करको खोजी भइरहेको वन अधिकृत उज्ज्वल यादवले बताए।

# स्माइलिज कलेक्सन सञ्चालनमा

प्रस, वीरगंज, ३ फागुन/




वीरगंज महानगर–११ त्रिमूर्तिटोलमा स्माइलिज कलेक्सन बुटिक सञ्चालनमा आएको छ।

बजारभन्दा सस्तो तथा गुणस्तरीय बुटिकका सामान बिक्री गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सञ्चालिका आशादेवी अग्रवालले बताइन्। उनले बजार मूल्यभन्दा कममा महिलाहरूका लागि गुणस्तरीय कपडा तथा उपहार सामग्रीहरू बुटिकमा राखिएको बताइन्। सो बुटिकको उद्घाटन साढे तीन वर्षीया अवनि अग्रवालले गरेकी थिइन्।

# बालबालिकालाई कपडा सहयोग


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३ फागुन/

हामी नेपाली नामक संस्थाले जीराभवानी गाउँपालिकाका बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ।

वडा नं १ स्थित बालमन्दिर प्राथमिक विद्यालय बिन्टोली महादेवपट्टिमा अध्ययनरत ८५ जना बालबालिकालाई ट्र्याकसुट वितरण गरिएको सामाजिक अभियन्ता प्रकाश थारूले बताए।

संस्थाकी अध्यक्ष सब्बु पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सदस्यद्वय शरद पौडेल, भवानी श्रेष्ठ, वडाध्यक्ष रामशरण खवास, प्रमोद यादव, अजगेवीनाथ चौधरीलगायतको सहभागिता थियो।

यसैगरी, सो संस्थाले धोबिनी गापाका एकजना अपाङ्गलाई कपडा र खाद्यान्न सहयोग गरेको छ। धोबिनी गापा–३ हरिहरपुर निवासी २३ वर्षका खेमराज पटेललाई संस्थाले खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेको सामाजिक अभियन्ता थारूले जानकारी गराएका छन्।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | रासस वीरगंज | अन्तर्क्रिया | पत्रकार महासङ्घ, वीरगंज | ७:३० |
| २. | लोकसञ्चार | पत्रकारिता तालीम | गेटवे होटल घण्टाघर | ११:०० |